# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८२ | काठमाडौं | शुक्रबार, १३ कात्तिक २०८३ | Prabhab National Daily | Friday, 30 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# आइजिपी हटाउने प्रयासमा प्रहरीको 'काउण्टर'

- आइजिपी दानबहादुर कार्कीलाई बर्खास्त गर्ने हल्लामा सत्यता नरहेको प्रहरी प्रधान कार्यालयको प्रस्टीकरण
- प्रहरी संगठनलाई विवादमा तान्ने गरी भ्रामक सूचना फैलाएको आरोप
- नियोजितरूपमा भ्रामक सूचना फैलाउने व्यक्तिमाथि प्रचलित कानुनअनुसार अनुसन्धान तथा कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनी

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई पदबाट हटाउने चर्चालाई प्रहरी प्रधान कार्यालयले खारेज गरिदिएको छ । बिचौलिया इनम सापकोटाले आफूसहित पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीश हरि फुयाँलगायतको नाम पोलेको विवरण सार्वजनिक प्रहरीबाटै भएको निष्कर्षका आधारमा आइजिपी कार्कीलाई प्रधानमन्त्री वालेन्द्र शाहले हटाउने हल्ला बुधबारदेखि फैलिएको थियो ।

त्यसबारे सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग पनि प्रधानमन्त्री शाहले बुधबार संवाद गरेको विवरण सार्वजनिक भएको थियो । यस्तोमा प्रहरी प्रधान कार्यालयले विज्ञप्ति जारी गर्दै उक्त हल्लामा सत्यता नरहेको भन्दै खण्डन गरेको हो ।

भनिन्छ, प्रधानमन्त्री शाहले आइजिपी कार्कीलाई राजीनामा दिन दवाब दिएका थिए । यदि राजीनामा नदिए पदबाट हटाउने विकल्पमा उनी अघि बढेका थिए । सोही कारण बुधवार मन्त्रिपरिषद् बैठक नबसेको बताइन्छ । स्रोतको दाबीमा रास्वपा सभापति लामिछाने भने कार्कीलाई हटाउने पक्षमा छैनन् । सञ्चारमाध्यममा यी विषय आएपछि बिहीबार आइजिपी कार्कीले आफूलाई हटाउने तयारीका समाचारको सार्वजनिकरूपमै खण्डन गरे । त्यसअघि प्रहरी प्रधान कार्यालयमा आकस्मिकरूपमा उच्च प्रहरी अधिकारीहरूलाई छलफलका लागि उनले बोलाएका थिए, जहाँ सातै प्रदेशका प्रहरी नायब महानिरीक्षक (डिआइजी), अतिरिक्त महानिरीक्षक (एआइजी) लगायतका उच्च प्रहरी अधिकारी सहभागी थिए ।

लगत्तै सार्वजनिक विज्ञप्तिमा प्रहरी संगठनलाई विवादमा तान्ने गरी भ्रामक सूचना फैलाएको र आइजिपी कार्कीमाथि राजीनामाको दवाब बढेको भन्ने आशयका समाचार तथा टिप्पणीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

प्रहरी प्रवक्ता अविनारायण काफ्लेले बिहीबार अबेर जारी गरेको विज्ञप्तिमा पुष्टि नभएका विषयलाई अनुमानका आधारमा समाचार बनाउँदा नागरिकमा भ्रम सिर्जना हुने र सुरक्षा निकायप्रतिको विश्वासमा असर पर्न सक्ने उल्लेख छ । संगठनको प्रतिष्ठा, व्यावसायिकता र कार्यसम्पादनमाथि भ्रम सिर्जना गर्ने उद्देश्यले नियोजितरूपमा भ्रामक सूचना फैलाउने व्यक्तिमाथि प्रचलित कानुनअनुसार अनुसन्धान तथा कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनी पनि दिइएको छ ।

यसअघि आइजिपी कार्की र रास्वपा सांसद खगेन्द्र सुनारबीचको विवाद निर्वाचन प्रहरीको पोसाक तथा आवश्यक सामग्री खरिदमा अनियमितता भएको आरोपबाट चर्किएको थियो ।

क्रमशः पृष्ठ २ मा

" प्रहरी संगठनलाई विवादमा तान्ने गरी भ्रामक सूचना फैलाएको र आइजिपी दानबहादुर कार्कीमाथि राजीनामाको दबाब बढेको भन्ने आशयका समाचार तथा टिप्पणीप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।

■ **अविनारायण काफ्ले**
प्रवक्ता, प्रहरी प्रधान कार्यालय

### NPL — NEPAL PREMIER LEAGUE
**बिहीबारको नतिजा**

| | | |
|---|---|---|
| ११६/२ (१७.२) | जनकपुर बोल्ट्स ८ विकेटले विजयी | ११५/१० (२०) |
| १८६/७ (२०) | कर्णाली याक्स ४ विकेटले विजयी | १८७/४ (१९.५) |

---

**अदालतदेखि सरकारसम्म 'सेटिङ'को आतंक**

# इनम प्रकरणले ल्यायो हलचल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इनम सापकोटा को हुन् ? अहिलेसम्म उनको वास्ताविक परिचय प्रहरीले सार्वजनिक गरेको छैन । तर उनको कनेक्सन भने प्रधानमन्त्री वालेन्द्र शाहदेखि प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासम्म देखिएको छ ।

खासगरी विभिन्न मुद्दाको विषयमा बिचौलियाको भूमिका निभाउने गरेको आरोपमा उनीमाथि अनुसन्धान जारी छ । पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणासँगको सम्बन्ध देखिएपछि असोज १४ गते भारतको नयाँदिल्ली जान लागेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए सापकोटा ।

इनम ३० वर्ष पुगेको र उनी झापाको भएको भन्दै सिंगापुरमा कम्पनी चलाउने र दुबईमा अपार्टमेन्ट रहेको भनिएको छ । यतिबाहेक खासै परिचय नखुलेका इनमसँग प्रधानन्यायाधीश शर्माले आफ्नो भेटघाट नभएको दाबी गरेका छन् । न्यायाशीश हरि फुयालले भने इनमसँग भेट भएको स्वीकारेका छन् ।

बिहीबार विज्ञप्ति जारी गर्दै प्रधानन्यायाधीश शर्माले भनेका छन्, 'जुन प्रसंग जोडी मेरो नाम उल्लेख गरिएको छ, ती व्यक्तिहरू एवं प्रसंगमा मेरो कुनै संलग्नता छैन । ती व्यक्तिहरूसँग मेरो प्रत्यक्ष एवं परोक्षरूपमा चिनजान, सम्पर्कसमेत छैन । मैले कहीँ कतै भेटेको पनि छैन ।'

अदालतमा मुद्दा सल्टाउन र उल्टाउन घुसको सेटिङ गर्ने आरोप लागेका इनमसँग भेट भएको न्यायाधीश फुयालले स्वीकारेका छन् । बिहीबार सर्वोच्च अदालतमा केही सञ्चारकर्मीसँग फुयालले प्रधानमन्त्री शाहकोतर्फबाट भेट्न चाहेको भनेपछि भेटेको बताएका हुन् । 'प्रधानमन्त्रीकोतर्फबाट भेट्न खोजेको हो भने भेटौं न त भन्ने हामी केही न्यायाधीशकाबीचमा सल्लाह भयो । त्यसपछि मैले हिमालयन होटलमा भेट्ने कुरा गरें । हामीले भेटेका पनि हौं । तर त्यो दिन म एक्लै थिइनँ,' न्यायाधीश फुयालले भने ।

उनको यो भनाइले अरू न्यायाधीशको पनि इनमसँग भेट भएको खुलेको छ । यो विषय विवादमा आएपछि प्रधानन्यायाधीश शर्माले आज शुक्रबार ९ बजेका लागि 'फुल कोर्ट' बैठक डाकेका छन् । सर्वोच्चका न्यायाधीशहरूलाई शुक्रबार बिहान फुल कोर्ट (सबै न्यायाधीश सम्मिलित प्रशासनिक प्रकृतिको बैठक) बस्ने सूचना जारी भएको सर्वोच्च अदालतका एक अधिकृतले बताए । बैठकको एजेण्डामा 'समसामयिक विषयमा छलफल' मात्र भनिएको छ ।

फुयालले प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीकोसमेत इनमसँग कनेक्सन रहेको खुलाएका छन् । कार्कीको सचिवालयबाट 'सावधान हुनु' भन्ने म्यासेज आएपछि आफूले उजुरी दिएको र इनम पक्राउ परेको फुयालले बताएका छन् । यो प्रकरणपछि आइजिपी कार्कीले बिहीबार प्रहरी हेडक्वाटरमा उच्चस्तरीय अधिकारीहरूसँग पाँच घण्टा छलफल गरेका थिए । इनम प्रकरणमा के कुराकानी भयो भन्ने विषय प्रहरीले सार्वजनिक गरेको छैन ।

इनमलाई पक्राउ गरेपछि सशस्त्रका एआइजी वंशीराज दाहालको कनेक्सन पत्ता लागेको थियो । सोही आधारमा एआइजी दाहाललाई निलम्बन गरेर छानबिन सुरु गरिएको छ । दाहालपछि प्रहरीका आइजिपी कार्कीलाई सरकारले निलम्बन गर्ने तयारी रहेको चर्चा छ । यसैले यसबारे आफूहरू जानकार रहेको र यो विषयको विरोध गर्दै प्रहरीले बिहीबार साँझ विज्ञप्ति जारी गरेको छ । आइजिपी कार्कीमाथि निर्वाचन प्रहरीको पोसाक खरिदमा भ्रष्टाचार गरेको आरोप लागेको छ ।

न्यायाधीश फुयाल २०७३ मा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा महान्याधिवक्ता भएका व्यक्ति हुन् । उनै शर्मा वालेन्द्र सरकारको चाहनामा प्रधानन्यायाधीश बनेका थिए । इनमको कनेक्सन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद विश्वराज पोखरेल, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वमन्त्री दीपक खड्का, कांग्रेसका निवर्तमान कोषाध्यक्ष उमेश श्रेष्ठसँग पनि देखिएको छ ।

रास्वपा सांसद पोखरेलले बिहीबार नै विज्ञप्ति जारी गर्दै इनमसँग आफ्नो चिनजान नभएको दाबी गरेका छन् । 'इनम सापकोटा नामका व्यक्तिसँग मेरो कुनै चिनजान, फोन सम्पर्क वा कुनै पनि प्रकारको सम्बन्ध छैन,' पोखरेलले दाबी गरेका छन् ।

यो प्रकरणमा लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील भट्ट र दीपक भट्ट पनि जोडिएका छन् । सुशील विवादास्पद व्यवसायी दीपकका दाजु हुन् । उनी अहिले थुनामा छन् ।

क्रमशः पृष्ठ २ मा

जुन प्रसंग जोडी मेरो नाम उल्लेख गरिएको छ, ती व्यक्तिहरु एवं प्रसंगमा मेरो कुनै संलग्नता छैन । ती व्यक्तिहरूसँग मेरो प्रत्यक्ष एवं परोक्षरूपमा चिनजान, सम्पर्कसमेत छैन । मैले कहीँ कतै भेटेको पनि छैन ।

■ **डा. मनोजकुमार शर्मा**
प्रधानन्यायाधीश

प्रधानमन्त्रीकोतर्फबाट भेट्न खोजेको हो भनेपछि केही न्यायाधीशकाबीचमा सल्लाह भयो । त्यसपछि मैले हिमालयन होटलमा भेट्ने कुरा गरैं । हामीले भेटेका पनि हौं । त्यो दिन म एक्लै थिइनँ ।

■ **हरि फुयाल**
न्यायाधीश, सर्वोच्च अदालत

---

**सन्दर्भः वैदेशिक रोजगार**

# एसभिपी र युद्धको चपेटामा साउदीको रोजगारी

## मुलुकमै सीप प्रमाणीकरण गर्ने संस्था नहुँदा रोजगारीको माग गुम्दै

■ **ममता थापा**

**काठमाडौं–** सीप प्रमाणीकरणको अनिवार्यता र जारी युद्धका कारण साउदी अरबको रोजगारी न्यून भएको छ । त्यहाँ जाने श्रमिकहरूका लागि लागू गरिएको स्किल भेरिफिकेसन प्रोग्राम (एसभिपी) र गत फागुनयताको युद्धले उक्त मुलुक जाने नेपाली श्रमिकको संख्यामा उल्लेख्य गिरावट आएको छ ।

साउदीले गत जुन १७ देखि नेपाली श्रमिकको पाँच वटा विधामा सीप परीक्षण गरेरमात्र रोजगारीमा लैजाने जनाएको थियो । यसले नेपाली श्रमिकमा आर्थिक भार थप्ने भन्ने व्यवसायीको विरोधकाबीच केही समय इण्डस्ट्री ट्रेनिङ इन्स्टिच्युट (आइटिआई)ले सीप प्रमाणीकरण गरेको थियो । तर गत साउन ६ गते युवा, श्रम तथा रोजगार मन्त्रालयले अनुमतिविनै काम गरेको भन्दै सो संस्थामा सिलबन्दी गरेयता नेपालमा सीप प्रमाणीकरण गर्ने कुनै संस्था छैन । यसले गर्दा रोजगारीमा जाने श्रमिक कि त भारत गएर सीप परीक्षण गर्नुपर्ने कि रोजगारी गुमाउनपर्ने अवस्था छ ।

हाल भारतको दिल्ली गोरखपुरलगायतका स्थानबाट सीप परीक्षण गरेर न्यून मात्रामा श्रमिकहरू गइरहेको जनाइएको छ । यसरी जाने श्रमिकहरूको सीप परीक्षणका नाममा तीन गुणा बढी खर्च भइरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले बताए ।

'८० डलर परीक्षणको शुल्क भयो, भारत जाने बस्ने खर्चका साथै त्यहाँ सेटिङ गर्नेले अर्को १० हजार लिएरमात्र पास गराउने रहेछ,' उनले भने, 'त्यसो हुँदा लाग्ने पैसाभन्दा तीन गुणा खर्च भइरहेको छ । सरकारले चार महिनासम्म सीप परीक्षण गर्ने व्यवस्था गर्न नसक्दा करोडौं पैसा भारत गइरहेको छ ।'

साउदीले नेपालका लागि लोड/अनलोड वर्कर, क्यारियर, ह्विलब्यारो वर्कर, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ वर्कका लागि सीप प्रमाणीकरण गर्नुपर्ने भनेको छ । तर यी क्षेत्रभित्र विभिन्न काममा श्रमिक जाने भएकाले हाल ३० वटा भन्दा बढी पेसामा प्रमाणीकरण आवश्यक रहेको व्यवसायी अख्तर हुसेनले बताए ।

क्रमशः पृष्ठ २ मा

" ८० डलर परीक्षणको शुल्क भयो, भारत जाने बस्ने खर्चका साथै त्यहाँ सेटिङ गर्नेले अर्को १० हजार लिएरमात्र पास गराउने रहेछ । त्यसो हुँदा लाग्ने पैसाभन्दा तीन गुणा खर्च भइरहेको छ । सरकारले चार महिनासम्म सीप परीक्षण गर्ने व्यवस्था गर्न नसक्दा करोडौं पैसा भारत गइरहेको छ ।

■ **लक्ष्मण पौडेल**
तृतीय उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

**सुरक्षित यात्रा गरौं**

- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भोटेकोशी बाढी: काभ्रेका स्थानीय तहले मागे बेपत्ता नागरिकको विवरण

**काभ्रेपलाञ्चोक–** काभ्रेपलाञ्चोकका स्थानीय तहले रसुवाको भोटेकोशीमा भदौ १० मा आएको बाढीपछि बेपत्ता भएका नागरिकको सम्बन्धित परिवार एवं आफन्तसँग विवरण माग गरेका छन् ।

जिल्लास्थित १३ स्थानीय तहले 'रसुवा-भोटेकोशी बाढीमा बेपत्ता भएकाको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३' अनुसार वडामार्फत बेपत्ता नागरिकको बिवरण माग गरेका हुन् । यसका लागि जिल्ला प्रशासन कार्यालयले बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गर्न जिल्लास्थित स्थानीय तहलाई प्रक्रिया र समयसीमा यही कात्तिक १८ गतेसम्म तोकेको छ ।

विभिन्न काम एवं भ्रमणका सिलसिलामा त्यहाँ पुगेका जिल्लाका बेपत्ता नागरिकको कानुनी अवस्था यकिन गर्न सरकारले जारी गरेको विशेष प्रक्रियाअनुसार विवरण संकलन तथा प्रमाणीकरण गर्न लागिएको हो । काभ्रेपलाञ्चोक प्रशासनको गत असोज २७ गतेको बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निर्धारण गरेको प्रक्रियाअनुसार बेपत्ता व्यक्तिहरूको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो ।

रसुवाको भोटेकोशीमा गत भदौ १० मा आएको बाढीपछि काभ्रेपलाञ्चोकका ३७ जना बेपत्ता भएका छन् । कार्यालयका अनुसार बाढीमा परी चार जनाको मृत्यु पुष्टि भइसकेको छ भने त्यसबेला बेपत्ता भएका चार जना परिवारको सम्पर्कमा आएका थिए ।

बिहीबार खानीखोला गाउँपालिकाले सार्वजनिक सूचनामार्फत पाँच दिनको समय दिएर उक्त बाढीमा आफ्ना नागरिक बेपत्ता भएकाको विवरण सम्बन्धित परिवार तथा आफन्तसँग मागेको छ । नाम-थर, उमेर लिंग, अस्थायी तथा स्थायी ठेगाना, नागरिकताको प्रमाणपत्र नम्बर, बेपत्ता भएको मिति, स्थान र परिस्थिति तथा निवेदन दिनेको नाता र सम्पर्क नम्बर माग गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालाले जानकारी दिए । प्राधिकरणका अनुसार स्थायी ठेगाना रहेको स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र प्राधिकरणमार्फत विवरण यकिन गरिने छ ।

गत असोज २९ गतेदेखि सम्बन्धित स्थानीय तहले वडा कार्यालयमार्फत बढीमा पाँच दिनको समय दिएर निवेदन आह्वान गर्ने व्यवस्था गरिएको विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए । उनका अनुसार बेपत्ता व्यक्तिका परिवारले नाता प्रमाणित हुने कागजात र स्वघोषणासहित निवेदन दिनुपर्ने छ । परिवारका सदस्य नभएको अवस्थामा भने स्थानीय प्रहरी र वडासचिवको रोहबरमा सर्जमिन मुचुल्का तयार गरिने छ ।

यस्तै परिवारका सदस्य नभएको हकमा वडाध्यक्षले वडासचिव र स्थानीय प्रहरीको रोहबरमा सर्जमिन मुचुल्का तयार गरी वडामा निवेदन पेस गर्नुपर्ने, वडा समितिले प्राप्त निवेदनमाथि तुरुन्त जाँचबुझ गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा सिफारिस गर्ने र सोही समितिले बेपत्ता व्यक्ति यकिन गर्ने निर्णय गरिएको छ ।

प्राप्त निवेदन तथा विवरणमाथि स्थानीय तहले तीन दिनको दाबीविरोधको समय दिएपछि अन्तिम विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको अधिकारीको भनाइ छ । त्यसपछि समितिले पाँच दिनभित्र निर्णय गरी विवरण प्राधिकरण र सम्बन्धित प्रदेश मन्त्रालयमा पठाउने व्यवस्था गरिएको छ । यस प्रक्रियाबाट बेपत्ता व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी उनीहरूको कानुनी अवस्था निर्धारण गर्ने बाटो खुल्ने जनाइएको छ ।

नेपाल राजपत्रमा असोज २३ गते प्रकाशित विपद्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश र विशेष प्रक्रिया, २०८३ अनुसार विवरण प्रमाणीकरणको काम अघि बढाइएको हो । त्यसैगरी, अध्यादेश र विशेष प्रक्रियाअनुसार स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित कात्तिक १८ भित्र विवरण जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेस गर्नुपर्ने छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

## इनम प्रकरणले...

यतिमात्र हैन इनमको कनेक्सन पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालका स्वकीयसम्मै रहेको बताइएको छ ।

### इनममाथि अदालतमा 'सेटिङ' गरेको आरोप

इनममाथि पहिलो लागेको आरोप हो- कांग्रेस आधिकारिता मुद्दा टुंगोमा पुर्‍याउन बिचौलियाको भूमिका खेलेको । यसबारे पूर्वप्रधानन्यायाधीश राणालाई सरकारले उनकै निवासमा नियन्त्रणमा लिँदा पनि यहीबारे चर्चा चलेको थियो । कांग्रेसमा विशेष महाधिवेशन भएपछि शेरबहादुर देउवापक्षले सर्वोच्चमा आधिकारिकता दाबी गर्दै रिट दायर गरेको थियो । उक्त रिटको निस्सा दिइसकेको भए पनि फैसला हुन बाँकी छ । देउवापक्षका नेताहरू आधिकारिकताको फैसला देउवाकै पक्षमा आउने दाबी गर्छन् । संस्थापनपक्षले भने फैसला आए पनि यसको कुनै असर नपर्ने बताएको छ ।

इनममाथि लागेको अर्को आरोप हो विवादास्पद व्यवसायी दीपक भट्टलाई छुटाउनेसम्बन्धी । 'कांग्रेसको मुद्दापछि उसले सबैभन्दा धेरै जोड दीपक भट्टको बन्दी प्रत्यक्षीकरणको निवेदनमा गरेको थियो । उसले भनेअनुसार भएन,' न्यायाधीश फुयालले भने । यतिमात्र होइन यो समूहले वालेन्द्र नेतृत्वको सरकार ढाल्ने तयारी गरेको आशंकासमेत गरिएको छ ।

यी विषयमा ठूलै रकमको 'घुस डिल' गरेको आरोप इनममाथि लागेको छ । यो नेक्ससमा सागर घिमिरे भन्ने व्यक्तिसमेत रहेको देखिएको र घिमिरेले आफू रास्वपा सभापति रवि लामिछानेको निकट भएको दाबी गरेका छन् । पछिल्ला मुद्दामामिला मिलाउन इनमजस्तै सागर पनि सक्रिय रहेको दाबी गरिएको छ । कतिपयले रास्वपा सभापति लामिछानेले आफ्नै नेतृत्वमा सरकार बनाउन यो खेल खेलेको दाबीसमेत गर्ने गरेका छन् ।

■ ■ ■

## आइजिपी हटाउने...

गत साउनमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठकमा सुनारले निर्वाचन प्रहरीका लागि पोसाक, जुत्ता, मोजालगायतका सामग्री खरिदमा करिब ६० करोड रूपैयाँ अनियमितता भएको दाबीसहित छानबिनको माग गरेका थिए ।

सुनारले आरोप लागेका अधिकारी पदमा रहँदा निष्पक्ष छानबिन प्रभावित हुनसक्ने भन्दै तत्कालीन गृहमन्त्री, गृहसचिव र आइजिपीलाई जिम्मेवारीबाट हटाउनुपर्ने बताएका थिए । 'नैतिकता छ भने तपाईंहरूले पद छोड्नुपर्छ । कानुनी राज्य हो भने बर्खास्त गरिनुपर्छ । यो आजै, अहिले नै हुनुपर्छ,' उनको भनाइ थियो ।

त्यसक्रममा आइजिपी कार्कीले प्रहरी कर्मचारीको निष्ठा र संगठनको मर्यादामा आँच पुग्नेगरी टिप्पणी गरिएको भन्दै असन्तुष्टि जनाएका थिए । आरोपको जवाफ दिने क्रममा उनले संसदीय समितिमा छलफल गर्दा शिष्टता र मर्यादा कायम राख्नुपर्ने बताएका थिए । त्यसपछि दुवैबीचको सम्बन्ध थप तनावपूर्ण बनेको थियो ।

सुनारको आरोपपछि निर्वाचन प्रहरीको पोसाक खरिदमा अनियमितता भएको आरोपबारे अध्ययन गर्न सार्वजनिक लेखा समितिले रास्वपा सांसद मनिष झाको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरेको छ । आइजिपी कार्की र गृहसचिव राजकुमार श्रेष्ठले भने खरिदका लागि निर्वाचन प्रहरीकै खातामा रकम पठाइएको र आफूहरूको तर्फबाट अनियमितता नभएको दाबी गरेका थिए । उपसमितिले छानबिन गरेर प्रतिवेदन सार्वजनिक गरेको छैन ।

सुरक्षा मामिलाका जानकारहरूका अनुसार प्रधानमन्त्री शाहले आइजिपीमा कार्कीलाई रुचाएका थिएनन् । भनिन्छ, काठमाडौंका प्रहरी बिटहरू जेन-जी विद्रोहको क्रममा गरिएको आगलागीमा ध्वस्त भएपछि कार्कीले 'आमा म त खरानीबाट उठेर आएँ' बोलको गीत लेखेका थिए । त्यसपछि जेन-जी आन्दोलनमा सेनाको भूमिकाबारे उनको आन्तरिक 'ब्रिफिङ' र त्यसबाट सेना असन्तुष्ट बनेको विषय पनि सार्वजनिक भएको थियो ।

■ ■ ■

## एसभिपी र युद्धको...

'कन्ट्रक्सन भनेको छ तर त्यसभित्र मेसन, इलेक्ट्रिसियन, प्लम्बर, स्काफफोल्डर सबै पर्‍यो,' उनले भने, 'त्यस्तै अन्य क्याटागोरीभित्रका पनि विभिन्न पेसा पर्ने भएकाले ३० वटाभन्दा बढी पेसामा जाने श्रमिकहरूको सीप परीक्षण माग्न थालिसकेको छ ।'

व्यवसायीहरूका अनुसार हाल ड्राइभर, वेटर, किचेन हेल्पर, कफी मेकरलगायतका सीमित क्षेत्रमामात्र सीप परीक्षण नगरी श्रमिकहरू गइरहेका छन् । धेरै श्रमिकहरू जाने क्षेत्रमा सीप परीक्षण आवश्यक पर्दा श्रमिक र व्यवसायी समस्यामा रहेको व्यवसायी वैकुण्ठ पौडेलले बताए । साथै, केही समययता उक्त मुलुक युद्धको चपेटामा पर्दा रोजगार क्षेत्र थप प्रभावित भएको उनको भनाइ छ ।

'सीप परीक्षण नहुँदा भिसा रिजेक्सन धेरै छ । अर्कोतर्फ इरानको आक्रमणपछि साउदी सरकारले ठूला परियोजना बन्द गरेको छ,' उनले भने, 'अहिले पछिल्लो समय हुथीहरू आक्रमण रोक्न तयार छैनन् । यसले गर्दा बिजनेस न्यून छ । श्रमिक र व्यवसायी नै मारमा परेका छौं ।' साउदी नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा आठ हजार ५८२ जना श्रमिक संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर पहिलोपटक साउदी गएका छन् । अघिल्लो आवमा यस्तो संख्या १४ हजार ९०७ रहेको थियो ।

विगतका आर्थिक वर्षको तथ्यांक हेर्दा प्रत्येक औसतमा महिना पाँचदेखि सात हजार श्रमिक संस्थागत माध्यमबाट उक्त मुलुक गएको पाइन्छ भने गत फागुनयता मध्यपूर्वको युद्धले त्यहाँ जाने श्रमिकको संख्यामा गिरावट आएको छ । तर त्यसपछि साउदीले ल्याएको सीप प्रमाणीकरणको व्यवस्थाका कारण रोजगारीमा सुधार आउन सकेको छैन ।

साउदीले आफ्ना सबै स्रोत मुलुकमा सीप प्रमाणीकरण अनिवार्य गरिसकेको छ । यहि नोभेम्बर १ देखि नेपालमा पनि सबै पेसामा अनिवार्य परीक्षण गर्ने तयारी गरेको जानकारी पाएकोसमेत व्यवसायीहरूले बताएका छन् । सरकारले समयमै आवश्यक व्यवस्था नगरे उक्त मुलुकको रोजगारी थप प्रभावित हुनसक्ने चिन्ता बढेको छ ।

राज्यले सरकारी संयन्त्रबाट न्यूनतम शुल्कमा श्रमिकको सीप परीक्षण गर्ने व्यवस्था गर्नुपर्ने व्यवसायीको माग छ । नेपाल सरकारले पनि सरकारी संस्थामार्फत प्रमाणीकरण गर्ने प्रस्ताव गरे पनि साउदी पक्षले नमानेका कारण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी) मार्फत इच्छुक संस्थालाई सूचीकरण गरेर सीप परीक्षण गर्ने व्यवस्था मिलाउन लागेको जनाइएको छ । यसका लागि २४ वटा संस्थाले नाम दर्ता गराइसकेकाले छिट्टै यो विषय टुंगोमा पुग्ने एनएभिटीका कार्यकारी निर्देशक गुणानन्द झाले बताए ।

'हामीले सीप परीक्षण गर्ने संस्थाहरूलाई आह्वान गर्‍यौं । २४ वटा संस्था आएका छन् । अब ती संस्थाको मूल्यांकन गरेर साउदी पक्षलाई जानकारी गराउँछौं,' उनले भने, 'त्यसपछि साउदीले आफ्नो हिसाबले अघि बढ्छ । हामी त्यसमै लागेका छौं अब धेरै समय लाग्दैन ।'


**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
लहान शाखा, लहान नगरपालिका
सम्पर्क फोन: ९७७-०३३-५६४०१२/१३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् मोहम्मदिन मियाँको नाति, करामत मियाँ धुनियाको छोरा, मधेश प्रदेश सिरहा जिल्ला, लहान नगरपालिका वडा नं. ०५ बस्ने ५४ वर्षको मो. सदिक मियाँको मिति २०८३/०५/३१ (ई.सं. १६/०९/२०२६)मा मृत्यु भएकोले स्व.मो.सदिक मियाँ की पत्नी हाल लहान - ०५ बस्ने श्रीमती सकिना खातुनले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लहान शाखा, लहान नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

**गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/१३**

मौरी पालन विकास केन्द्र गोदावरी न.पा. ३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रूखहरु कटान गरी उत्पादन भएको उत्तिस जातका १२११.३९ क्यु.फि. गोलिया काठ र १.५ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक उद्योग, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । विस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**डिभिजन वन कार्यालय गोदावारी, ललितपुर**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको मिति २०८३/०६/२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **अजिता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **पाल्कु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.(दर्ता नम्बर २२०८४९)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०६/२६ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **रोयल डिजाइन इन्जिनियरिङ सर्भिस प्राइभेट लिमिटेड (प्रा. लि. १६८३१३)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण। धन, कर दायित्व आदि परिवर्तित नामको **रोयल डिजाइन एण्ड कन्सट्रक्सन प्राइभेट लिमिटेड** अंग्रेजीमा Royal Design And Construction Private Limited ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१२ मा दर्ता भएको **प्रा. लि. नं. २७३५८१** को **आर्टसी होम प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०८ मा दर्ता भएको **प्रा. लि. नं. १५४५००** को **अनलाईन औषधी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५६/०६/२५ मा दर्ता भएको **थान्स्कु कटेज इन्डष्ट्रिज प्राइभेट लिमिटेड (प्रा.लि. नं. ११३३७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका वडा नं.१४ सुखौरामा रहेको भक्त बहादुर रायमाझीको नाममा रहेको कित्ता नं.२९, ३२, १९ र २० को जग्गा व्यस्थापन गर्ने र सो कार्य गर्दा निस्कने ढुंगा, माटो ढुवानी गरी लैजाने कार्यको लागि गर्न लागिएको प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धी**

**सार्वजनिक सूचना**

**प्रकाशन मिति : २०८३/०७/१३ गते**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका वडा नं.१४ सुखौरामा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकामा वडा नं.१४ सुखौरामा रहेको जग्गा व्यवस्थापन गर्ने र सो कार्य गर्दा निस्कने ढुंगा, माटो, ढुवानी गरी लैजाने कार्यको प्रारम्भिक वातावरणीय अध्ययन गर्ने । |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | शितगंगा नगरपालिका वडा नं.१४ |
| **कित्ता नं.** | २९, ३२, १९ र २० |
| **कुल क्षेत्रफल** | करिब ४३ रोपनी |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शितगंगा नगरपालिकाभित्रका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले **७ (सात) दिन** भित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | भक्त बहादुर रायमाझी, शितगंगा नगरपालिकामा वडा नं.१४, सुखौरा |
|---|---|
| राय सुझाव पठाउने ठेगाना | डिलिजेन्स कन्सल्टिङ प्रा.लि.भक्तपुर, फोन नं.९८५११८२४७२ |

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८१ कात्तिक १२ गते २०८३ मा प्रकाशित **Strikeforce Asia Recruitment Pvt. Ltd** को **LT No.343545** भएका **W.C.S Food Industries Sdn Bhd** कम्पनीको लागि अन्तर्वार्ता मिति **कात्तिक १९ गते (5th Nov.)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

LIC 1675/080/81 **Strikeforce Asia Recruitment Pvt. Ltd**
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**बिमालेख हरायो**

मिति २०८३/०६/१५ गते काठमाडौंबाट काभ्रेस्थली जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : नानु छोरी मर्हजन**
**बिमालेख नं. : २३०००१७१३**
**बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौं**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं. : ९८४१७९९९४८**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०६/३० गते काजि.का.म.न.पा-१४ बल्खु तरकारीबजार स्थितबाट कालो-रातो रङ्को २२० सी.सी.को पल्सर मोटरसाइकल अन्दाजी साँझ १८:१५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : नरेन्द्र बस्नेत**
**बाइक नं.: बा.प्र. ०२-०६९ प ४२३०**
**च्यासिस नं.: MD2A13EXSTCA86074**
**इन्जिन नं. : DKCTA48258**
**ठेगाना : दक्षिणकाली न.पा. ०५, डोल्लु**
**सम्पर्क नं. ९८४१५९२१५१**

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**सिन्धुली अस्पताल, सिन्धुली**
**सिन्धुलीमाढी, नेपाल**

**बोलपत्र हटाई पुनः सूचना प्रकाशन**

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/१३**

यस सिन्धुली अस्पतालले मिति २०८३/०७/२६ को गोर्खापत्रमा प्रकाशित सूचनाको ठेक्का नं. NCB/SH/03- 083/084 को ल्याब केमिकल आपूर्ति सम्बन्धी ठेक्काको केही प्राविधिक त्रुटि भएको हुँदा तपसिल बमोजिम बोलपत्र संशोधन गरिएको व्यहोरा जानकारी गराइन्छ । इच्छुक फर्म, आपूर्तिकर्ताले २०८३/०७/१९ गते कार्यालय समय भित्र खरिद गरी मिति २०८३/०७/२० गते मध्यान्ह १२ बजेभित्र बोलपत्र दर्ता गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | प्याकेज | अनुमानित रकम (रु.) | बोलपत्र दस्तुर (रु.) | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| NCB-SH-03-083/084 | Supply and delivery of LAB Chemical | A - General Lab Chemicals | 18,080,429.00 | 3,000.00 | 471,000.00 | आधिकारिक विक्रेतापत्र अनिवार्य नहुने तर ISO, CE, WHO certified हुनुपर्ने |
| | | B - Maglumi (SNIBE) | 10,665,336.00 | 3,000.00 | 278,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | C - Hematology Analyzer (HIMAX) | 2,155,273.00 | 3,000.00 | 57,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | D - Fine Care | 1,430,048.00 | 3,000.00 | 38,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | E - Fully Biochemistry Analyzer (Corolyzer) | 6,368,314.00 | 3,000.00 | 166,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | F - Hematology Analyzer (Agappe Mispa) | 2,612,558.00 | 3,000.00 | 68,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | G - HUMEN | 3,810,987.00 | 3,000.00 | 102,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | H - Fully Biochemistry Analyzer (Agappe) | 10,839,907.00 | 3,000.00 | 282,000.00 | आधिकारिक विक्रेता अनिवार्य हुनुपर्ने |
| | | जम्मा | 55,962,852.00 | | 1,462,000.00 | |

**नि. निर्देशक**

अर्नब चक्रवातको सम्भावित जोखिम

# यातायात सञ्चालनमा सतर्कता अपनाउन आग्रह



**काठमाडौं (प्रस)–** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले अर्नब चक्रवातबाट हुनसक्ने प्रभावलाई ध्यान दिएर यातायात सञ्चालनमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

महासंघका महासचिव डेकनाथ गौतमले बिहीबार एक सूचना जारी गरी बिहीबार रातिदेखि कात्तिक १४ गतेसम्म देशका विभिन्न प्रदेशमा खराब मौसमको सम्भावना रहेकाले यातायात सञ्चालनमा उच्च सतर्कता अपनाउन यातायात व्यवसायीलाई आग्रह गरेका हुन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचनालाई उद्धृत गर्दै महासंघले कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मौसमको बढी प्रभाव र कर्णाली र सुदूरपश्चिम प्रदेशमा हावाहुरी तथा मध्यम वर्षा र हिमाली क्षेत्रमा हिमपात हुन सक्ने पूर्वानुमान रहेकाले आवश्यक सावधानी अपनाउन आग्रह गरेको हो ।

महासचिव गौतमले सम्बन्धित जिल्लाका सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग समन्वय गरी लामो तथा छोटो दूरीका यात्रुवाहक र मालवाहक सवारीसाधन सञ्चालन गर्न व्यवसायीलाई आग्रह गरे । महासंघले अवस्था जोखिमपूर्ण भएमा आवश्यकताअनुसार सवारी आवागमन बन्द गर्न तथा बन्द गर्नुअघि सर्वसाधारणलाई अग्रिम जानकारी गराउन पनि आग्रह गरेको छ ।

महासंघले खराब मौसमका कारण सडक तथा हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्न सर्वसाधारणलाई अनुरोध गरेको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा भ्रमणमा जाने पर्यटकलाई यात्रा नगर्न र गइसकेका पर्यटकलाई मौसम सामान्य नहुँदासम्म सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ ।

त्यस्तै, जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा परिवारलाई सम्भावित विपद् आउनुअघि सुरक्षित स्थानमा स्थानान्तरण गर्न, विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रहन र मौसमसम्बन्धी आधिकारिक सूचनाको नियमित जानकारी लिन सम्बन्धित निकायलाई आग्रह गरेको छ । महासंघले मौसमसम्बन्धी जानकारीका लागि मौसम विज्ञान विभागको हटलाइन ११५५ तथा विपद्का बेला सहयोग माग्न १२३४, १०० वा १११४ मा सम्पर्क गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

# प्रहरी पोसाक खरिदसम्बन्धी बयान मंसिर १ देखि

**काठमाडौं (प्रस)–** निर्वाचन प्रहरीको पोसाक खरिदबारे अध्ययन गर्न गठित उपसमितिले समयसीमासहित अध्ययनको कार्यसूचीलाई अन्तिम रूप दिएको छ। सिंहदरबारमा बिहीबार भएको उपसमितिको बैठकले यही कात्तिकसम्म विभिन्न दस्तावेजको अध्ययन गर्ने निर्णय गरेको हो । आगामी मंसिर १ देखि १५ गतेसम्म सम्बन्धित पक्षको बयान र अन्तर्वार्ता तथा विषयविज्ञसँग छलफल गर्ने तथा अन्तिम पाँच दिन प्रतिवेदन लेखनका लागि छुटचाउने बारेमा बिहीबारको बैठकले सहमति जुटाएको उपसमितिका संयोजक एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जानकारी दिए ।

उपसमितिले यसअघि अध्ययनको कार्यअवधि र कार्यविधि तोकिसकेको छ । उपसमितिलाई दुई महिनाको समयावधि दिइएको छ । आगामी मंसिर २० गतेसम्म उपसमितिले प्रतिवेदन बुझाइसक्नुपर्ने छ । उपसमितिमा सांसदहरू खगेन्द्र सुनार, गणेश धिमाल, योगेश गौचन थकाली, ऐन महर, रमेशकुमार मल्ल, महेन्द्रबहादुर शाही, आरेन राई र खुश्बु ओली सदस्य छन् ।

रास्वपा सांसद सुनारले गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनका क्रममा निर्वाचन प्रहरीको पोसाक खरिदमा अनियमितता भएको भन्दै छानबिनको माग गर्दै आएका थिए । प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको गत असोज १६ गतेको बैठकले प्रहरीको पोसाक खरिद सम्बन्धमा अध्ययन गर्न झाको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरेको हो ।

# मनास्लु क्षेत्रमा पदयात्रा नगर्न प्रशासनको आग्रह

**गोरखा (प्रस)–** जिल्ला प्रशासन कार्यालय गोरखाले बिहीबारदेखि तीन दिन मनास्लु क्षेत्रमा पदयात्रा नगर्न सम्बन्धित सबैमा आग्रह गरेको छ । हिजो बिहीबार, आज शुक्रबार र भोलि शनिबार उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम रहेको भन्दै प्रशासन कार्यालयले पदयात्रा गर्न रोक लगाएको हो ।

'उच्च पहाडी तथा हिमाली क्षेत्रमा पर्ने कुनै पनि निषेधित क्षेत्रमा पदयात्रा गर्न अनुमति लिनुभएका पदयात्रीले सम्भावित जोखिम न्यूनीकरणका लागि उक्त अवधिभर पदयात्रा नगर्नुहुन तथा पदयात्रामा गइसकेको भए सुरक्षित ठाउँमा रहनुहुन अनुरोध छ,' जिल्ला प्रशासन कार्यालयद्वारा बिहीबार जारी विज्ञप्तिमा भनिएको छ, 'सो अवधिभरका लागि उच्च पहाडी र हिमाली क्षेत्रमा पर्ने निषेधित क्षेत्रमा जाने पदयात्रा अनुमति बिहीबारदेखि लागू नहुने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराइन्छ ।'


## बिमालेख हरायो

मिति २०८३/०६/२९ गते इमाडोलबाट ग्वार्को जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विनोद कुमार शाह**
**बिमालेख नं. : १००११२२९१**
**बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौँ**
**ठेगाना : ईशनाथ न.पा. ०६, रौतहट**
**सम्पर्क नं. : ९८५१४२०८१४**

## बिमालेख हरायो

मिति २०८३/०६/०१५ गते काठमाडौँस्थित सामाखुसी जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : अनिता मर्हजन**
**बिमालेख नं. : ११००५७१०६**
**बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौँ**
**ठेगाना : सामाखुसी, काठमाडौँ**
**सम्पर्क नं. : ९८४०५१७१११**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०७/१० गते राति करिब ११:०० देखि २ बजे समयको बिचमा काठमाण्डौं जिल्ला, अनामनगर, वडा नं २९, डालो रेस्टुरेन्टको अगाडि Big Mart को नजिकै पार्किङ्ग गरेर राखेको लु.प्र. ०१-०१५ प ३६९३ को कालोरातो रङ्गको २२० सिसि बजाज कम्पनीको मोटरसाइकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: आनन्द हजाम
ईन्जिन नं.:**DKXCTM34447**
च्यासिस नं.:**MD2A13EX8TCM84392**
सम्पर्क नं.: **9812907618**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०४/२१ दर्ता भएको **दर्ता नं. १९५०९१/०७५/०७६** को **साथी समूह कृषि पर्यटक विकास प्रा. ली.** को मिति २०८३/०७/१२ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटर को कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## मलेसियामा रोजगार

कम्पनी : **Enf Elite Security Sdn Bhd**

पूर्व स्वीकृति मिति : २०८३/०७/११ | LT. No. 349726 | चलानी नं. ६०२६२९५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 50 | 0 | 1700 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८३ कार्तिक २० गते (6th Nov . 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु। २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Overseas Recruiting Manpower Pvt.Ltd**
Sinamangal - 9 panchkumari mandir, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com


## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०७/१३**

भँडारे सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई आमचोक गा.पा. वडा नं. १०, छोलुङ ब्याङटार, भोजपुरमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको २६०८.३० क्यू.फिट काठ (लट नं. १ को फाला सहित गोलिया थान ११९३ को परिमाण १२६३.६१ क्यू.फि. र लट नं. २ को फाला सहित गोलिया थान ८०० को परिमाण १३४४.६९ क्यू.फि.) जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री भँडारे सामुदायिक वन उपभोक्ता समूह**

**आमचोक गाउँपालिका वडा नं. १०, पाङ्चा, भोजपुर, सम्पर्क नं: ९८४२११९८६७ (अध्यक्ष), ९८६४६५६१५७(कोषाध्यक्ष)**

## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०७/१३**

घारे सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई जिल्ला भोजपुर आमचोक गा.पा. १०, सालडाँडा गाउँमा घाटगद्दि गरि रखिएको खयर जातको पलाँस सहितको ११६१.३० क्यू.फिट काठ (फाला सहित गोलिया थान ९९३ को) जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिन भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, आमचोक गा.पा. वडा नं. १०, घारे, पाङ्चा, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री घारे सामुदायिक वन उपभोक्ता समूह**

**आमचोक गाउँपालिका वडा नं. १०, घारे, पाङ्चा, भोजपुर, सम्पर्क नं: ९८४००२१२०० (अध्यक्ष), ९७४२५६५३२०(कोषाध्यक्ष)**

**Phedap Rural Municipality**

## Office Of Rural Municipal Executive

**Poklabang, Tehrathum**

**Koshi Province, Nepal**

## Notice for Price Bid Opening

**Date of Publication: 2083/07/13 B.S. (October 30, 2026 AD)**

This is to notify all the Bidders who have submitted Technical and Price Bids for following Contract as per our Notice published by Phedap Rural Municipality, Tehrathum in 2083/06/02 B.S. (September 18, 2026 AD) through Himalaya Times and Phedap Rural Municipaltiy Facebook page that of all the received Technical and Price Bids, the Technical Bids of the following Bidders succeeded Qualification criterions and found to be substantially responsive. So, in accordance with the Rule 31(17) of Public Procurement Regulation, 2064 and latest amendments, following successful Bidders are requested for their presence in Price Bid opening at 16:00hrs of 2083/07/20 (6th November, 2026) at Phedap Rural Municipality, Tehrathum.

| S.N. | Contract ID | Name and Address of Qualified Bidders in Technical Bid |
|---|---|---|
| 1. | PHRM/NCB2083/084/04 | 1. Adhikari Nirman Sewa, Phidim-02<br>2. Awai-Mangwara J.V., Sunsari<br>3. Chemjong-Tumyehang J.V., Phidim-01<br>4. Karki Nirman Sewa, Ilam-09<br>5. Kashyap/Solma J.V., Dhankuta<br>6. Prakash-Kapila J.V., Ilam-07<br>7. Ruru Construction Pvt. Ltd, Kathmandu<br>8. Saltar Construction, Solma-04<br>9. Shree Jay Sambhu Nirman Sewa, Ilam-09<br>10. Subhalakhsya Nirman Sewa, Panchthar<br>11. Tara Nirman Sewa, Kathmandu |

All concerned bidders or their authorized representatives are hereby informed and invited to attend the opening of the financial proposals at the above-mentioned date, time, and venue.

**Chief Aduifitative Officer**

## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मिति: २०८३।०७।१३ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पून: धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नाम: बाबा काष्ठ उद्योग** **कर्जा शिर्षक:** क्यास क्रेडिट
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, सूर्यविनायक, भक्तपुरमा दर्ता रहेको) दर्ता नं.: ८९१९/०७६/७७, दर्ता मिति: २०७६/१२/०६, स्थायी लेखा नं.: ६१३२५५२७३, ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा., वडा नं. ८ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:**
**कृष्ण कुमार गुप्ता:** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०१-७१-०२८९३(२०७१/०३/२३/सर्लाही), बाजेको नाम: सिताराम रौनियार, बाबुको नाम: ईन्दल प्रसाद रौयिआर, ठेगाना: सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स., वडा नं. ३ परिवर्तित सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा., वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरु:**
**क. ईन्दल प्रसाद रौनियार:** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०१-७१-०२१२५(२०७१/०३/०३/सर्लाही), बाजेको नाम: रघुनन्दन रौनियार, बाबुको नाम: सिताराम रौनियार, ठेगाना: सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स., वडा नं. ३ परिवर्तित सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा., वडा नं. २ ।

**ख. शिव कुमारी देवी रौनियार:** ना.प्र.प.नं (जारी मिति/स्थान): २००७ (२०४६/०३/२१/गृह मन्त्रालय), बाबुको नाम: राम औतार साह, ससुराको नाम: सिताराम रौनियार, पतिको नाम: ईन्दल प्रसाद रौनियार, ठेगाना: सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स., वडा नं. ३ परिवर्तित सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा., वडा नं. २ ।

**लिलाम हुने धितोको विवरण:**
राम औतार साहको छोरी, सिताराम रौनियारको बुहारी, ईन्दल प्रसाद रौनियारको पत्नी, सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स., वडा नं. ३ परिवर्तित सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा., वडा नं.२ बस्ने **शिव कुमारी देवी रौनियार**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स./न.पा., वडा नं. ३, नक्सा सीट नं. ०७६९१२ स्थित कि.न. ४३ को क्षेत्रफल ११६.९० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम: रोजगार पोल्ट्री एण्ड फिड सप्लायर्स** **कर्जा शिर्षक:** आवधिक कर्जा र सवारी साधन कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा) दर्ता रहेको, दर्ता नं.: २६९३१, दर्ता मिति: २०७१/१०/०८, स्थायी लेखा नं.: ३०५५०११६३, ठेगाना: मोरंग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०६ ।

**प्रोप्राईटर तथा जमानतकर्ता:**
**कपिल प्रसाद गौतम:** ना.प्र.प.नं (जारी मिति/स्थान): ६९१/१८६२(२०४६/०३/२०/मोरङ, उर्लाबारी), बाजेको नाम: धनपति गौतम, बाबुको नाम: बालकृष्ण गौतम, ठेगाना: मोरंग जिल्ला, पथरी गा.वि.स. वडा नं. ०९ स्थायी ठेगना भई हाल मोरंग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०६ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. सरस्वता गौतम:** ना.प्र.प.नं (जारी मिति/स्थान): २१५५९(२०३५/०१/२१/मोरङ्ग), बाबुको नाम: लिला वल्लभ घिमिरे, ससुराको नाम: धनपति गौतम, पतिको नाम: बालकृष्ण गौतम, ठेगाना: मोरंग जिल्ला, राजघाट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगना भई हाल मोरंग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०६ ।

**ख. निरमाया सुबेदी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ४११/२०७१(२०५१/०१/२८/पाँचथर), बाबुको नाम: अबि केशर सुबेदी, ससुराको नाम: बालकृष्ण गौतम, पतिको नाम: कपिल प्रसाद गौतम, ठेगाना: पाँचथर जिल्ला, भारपा गा.वि.स. वडा नं. ०८ स्थायी ठेगना भई हाल मोरंग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०६ ।

**लिलाम हुने धितोको विवरण:**
लिला वल्लभ घिमिरेको छोरी, धनपति गौतमको बुहारी, बालकृष्ण गौतमको पत्नी, मोरंग जिल्ला, राजघाट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगना भई हाल मोरंग जिल्ला, उर्लावारी न.पा. वडा नं. ६ बस्ने **सरस्वता गौतम**को नाममा मालपोत कार्यालय उर्लावारी मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स/न.पा. वडा नं. ६/ण स्थित कि.न. ५५९ को क्षेत्रफल ०-५-५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नाम: श्री गंगा स्टोर किराना पसल** **कर्जा शिर्षक:** आवधिक कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: १२४२/०७४/०७५, दर्ता मिति: २०७४/०५/२९, स्थायी लेखा नं.: ६०६९५८२२४, ठेगाना: रामेछाप जिल्ला, लिखु तामाकोशी गा.पा., वडा नं. ६, खिम्ती ।

**प्रोप्राईटर:**
**गंगा माया श्रेष्ठ:** ना.प्र.प.नं (जारी मिति/स्थान): २११०२५-१५४०(२०४६/११/१४/रामेछाप), बाबुको नाम: रण बहादुर श्रेष्ठ, ससुराको नाम: लाल बहादुर श्रेष्ठ, पतिको नाम: जित बहादुर श्रेष्ठ, ठेगाना: रामेछाप जिल्ला, खिम्ती गा.वि.स., वडा नं. ७ परिवर्तित रामेछाप जिल्ला, लिखु तामाकोशी गा.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ता:**
**क. जित बहादुर श्रेष्ठ:** ना.प्र.प.नं (जारी मिति/स्थान): २१७३(२०४४/१२/०७/रामेछाप), बाजेको नाम: मित्र नारायण श्रेष्ठ, बाबुको नाम: लाल बहादुर श्रेष्ठ, ठेगाना: रामेछाप जिल्ला, खिम्ती गा.वि.स., वडा नं. ७ परिवर्तित रामेछाप जिल्ला, लिखु तामाकोशी गा.पा., वडा नं. ६ ।

**ख. उत्तम श्रेष्ठ:** ना.प्र.प.नं (जारी मिति/स्थान): २११०२५/३०१०३(२०६९/०१/१८/रामेछाप), बाजेको नाम: लाल बहादुर श्रेष्ठ, बाबुको नाम: जित बहादुर श्रेष्ठ, ठेगाना: रामेछाप जिल्ला, खिम्ती गा.वि.स., वडा नं. ७ परिवर्तित रामेछाप जिल्ला, लिखु तामाकोशी गा.पा., वडा नं. ६ ।

**लिलाम हुने धितोको विवरण:**
रण बहादुर श्रेष्ठको छोरी, लाल बहादुर श्रेष्ठको बुहारी, जित बहादुर श्रेष्ठको पत्नी, रामेछाप जिल्ला, खिम्ती गा.वि.स., वडा नं. ७ परिवर्तित रामेछाप जिल्ला, लिखु तामाकोशी गा.पा., वडा नं. ६ बस्ने **गंगा माया श्रेष्ठ**को नाममा मालपोत कार्यालय रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, नागथली गा.वि.स./न.पा., वडा नं.७, नक्सा सीट नं. ७ ङ स्थित कि.न. १६०, १६१, १६५ र २९६ को क्षेत्रफल क्रमश: २-८-०-२, ०-५-०-०, ०-१३-१-० र ६-१३-०-० रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नाम: सस्तो शुलभ स्टेशनरी** **कर्जा शिर्षक:** आवधिक कर्जा
(मधेश प्रदेश सरकार, उद्योग पर्यटन तथा वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय, घरेलु तथा साना उद्योग कार्यालय, बारा, कलैयामा दर्ता रहेको) दर्ता नं.: १२६२०/०७९/८०, दर्ता मिति: २०७९/०४/१६, स्थायी लेखा नं.: ६१८४४४५२२, ठेगाना: बारा जिल्ला, निजगढ न.पा., वडा नं. १ ।

**प्रोप्राईटर:**
**मधुराज श्रेष्ठ:** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३ ७४२०/२४७९/४०/१०३२९(२०६०/०५/२१/बारा), बाजेको नाम: शिवलाल श्रेष्ठ, बाबुको नाम: बद्री लाल श्रेष्ठ, ठेगाना: बारा जिल्ला, भरतगंज सिगौल गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ता:**
**मिठु तामाङ्ग:** ना.प्र.प.नं (जारी मिति/स्थान): ११८०३५५३(२०६०/०७/२५/झापा), बाबुको नाम: बाबु राम तामाङ्ग, ससुराको नाम: बद्री लाल श्रेष्ठ, पतिको नाम: मधुराज श्रेष्ठ, ठेगाना: झापा जिल्ला, भद्रपुर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा., वडा नं. १ ।

**लिलाम हुने धितोको विवरण:**
शिवलाल श्रेष्ठको नाति, बद्री लाल श्रेष्ठको छोरा, बारा जिल्ला, भरतगंज सिगौल गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा., वडा नं. १ बस्ने **मधुराज श्रेष्ठ**को नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. १ स्थित कि.न. ७१२ को क्षेत्रफल ०-०-१२-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बाटो खुलाऊ, मनास्लुको स्याउ जोगाऊ

उत्तरी गोरखाको मनास्लु क्षेत्र, जहाँको चिसो हावापानीमा फलेका स्याउ बजारसम्म पुऱ्याउन नपाउँदा गोदाममै कुहिन थालेका छन् । यो दुःखद खबरले हामीलाई झकझक्याएको छ र सरकार अनि सरोकारवालाको ध्यानाकर्षणको खाँचो महसुस गराएको छ । गोरखाको नाम्रुङ र आसपासका क्षेत्रमा उत्पादन भएका स्याउ ढुवानीको समस्या हरेक वर्षको हो । तर यस वर्ष असोजमा आएको बाढीले बेनिघाट–आरुघाट–लार्के सडक र दर्जनौं पुल बगाएपछि यो समस्या झनै विकराल बनेको छ । बाढीले सडक र पुल बगाएपछि ढुवानीको एकमात्र माध्यम खच्चड पनि हिंडाउन नसकिने अवस्था छ । यसले गर्दा गोरखाको चुमनुब्री गाउँपालिका–४, नाम्रुङका किसानको बगैंचामा फलेको स्याउ गोदाममै थन्किएको छ । हेलिकप्टरबाट ढुवानी गर्दा लागत बढी पर्ने र खच्चड हिंड्ने बाटो नहुँदा किसान मर्कामा परेका छन् । बाढीले जलविद्युत् आयोजनासमेत बगाएकाले स्याउको सुकुटी बनाउने मेसिन (ड्रायर) पनि चल्न सकेको छैन । जसले गर्दा धेरै स्याउ कुहिने निश्चित प्रायः छ ।

यो समस्या केवल मनास्लु क्षेत्रकोमात्र होइन । मुस्ताङ, हुम्ला, जुम्लालगायतका हिमाली जिल्लामा उत्पादन हुने स्याउले पनि उचित बजार व्यवस्थापनको अभाव खेप्दै आएका छन् । सरकारले कृषि क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम ल्याए पनि स्याउ किसानका समस्या समाधानमा ठोस कदम चाल्न सकेको छैन । हाम्रो देशमा स्याउको ठूलो माग छ, तर हामीले विदेशी स्याउ आयात गरेर यो माग पूरा गरिरहेका छौं । यदि हामीले मनास्लु, मुस्ताङलगायतका हिमाली जिल्लामा उत्पादन हुने स्याउको उचित बजार व्यवस्थापन गर्न सक्यौं भने हामीले आयातीत स्याउलाई विस्थापित गर्न सक्छौं र हाम्रा किसानलाई प्रोत्साहन गर्न सक्छौं ।

तसर्थ सरकार र सरोकारवालाले यस विषयमा गम्भीर ध्यान दिन आवश्यक छ । सरकारले स्याउ किसानलाई ढुवानीका लागि सहयोग गर्नुपर्छ, बाढीले बगाएका सडक र पुलको पुनर्निर्माण गर्नुपर्छ र स्याउको सुकुटी बनाउने मेसिन जस्ता प्रविधि उपलब्ध गराउनुपर्छ । सरोकारवालाले पनि स्याउ किसानसँग समन्वय गरेर स्याउको बजार व्यवस्थापनका लागि काम गर्नुपर्छ ।

हामी आग्रह गर्छौं कि, सरकार र सरोकारवालाले यस विषयमा ठोस कदम चालोस् र मनास्लुलगायतका हिमाली जिल्लामा उत्पादन हुने स्याउको उचित बजार व्यवस्थापन गरेर हाम्रा किसानलाई प्रोत्साहन गरोस् । यो केवल स्याउ किसानको समस्यामात्र होइन, यो हाम्रो देशको कृषि क्षेत्रको विकास र आर्थिक समृद्धिसँग जोडिएको विषय हो । तसर्थ यस विषयमा सबै मिलेर काम गर्न आवश्यक छ ।

## श्रम सरोकार

### इजरायल रोजगारीमा जानेले बुझ्नुपर्ने कुरा

नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येमा पर्छ इजरायल । इजरायलले विशेषगरी सहायक कामदार (घरेलु काममा महिलाका लागि) र कृषि क्षेत्रमा रोजगारीका लागि नेपाली कामदार लैजाने गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी सम्झौताअन्तर्गत नै नेपालले कामदार पठाउने गरेको छ । यसबाहेक 'अर्न एण्ड लर्न' कार्यक्रममार्फत पनि नेपाली विद्यार्थीहरू इजरायलमा जाने गरेका छन् । हमाससँगको युद्धकालमा रोकिएको इजरायल रोजगारी केही समय पहिले मात्रै नेपालले खुला गरेको छ ।

दक्षिणी र पूर्वी रेगिस्तानी इलाकामा पर्ने भएकाले यहाँ गर्मी, शुष्क र समशीतोष्ण हावापानी हुन्छ । विशेषगरी महिलाले यो देश रोज्नुको कारण महिलाहरूका लागि सुरक्षित गन्तव्य मानिन्छ र विदेशी कामदारहरूलाई राम्रो नियम कानुन छ । नौ दिन नेपाली चाडको बिदा, वर्षको १२ दिन इजरायली बिदा अनि एक वर्ष पुगेपछि बोनस पाइन्छ ।

यहाँ प्यालेस्टाइनसँग बराबर युद्ध भइरहन्छ । २४ घण्टा घरभित्रको काम गर्नुपर्ने हुँदा मानसिक तनाव हुनसक्छ । चौबिसै घण्टा अशक्त बिरामी र केटाकेटीको काम गर्नुपर्ने हुँदा जतिबेला पनि आफूलाई सतर्क बनाइरहनुपर्छ । महिलाप्रधान देश भएकोले महिलाको जुनसुकै काम पनि सम्मानको दृष्टिले हेरिन्छ । राम्रो तलब सुविधा अनि महिलाहरूको एकमात्र सुरक्षित गन्तव्य हो, इजरायल । त्यहाँ गएर राम्रो आम्दानी सुरक्षाको प्रत्याभूतिसहित आत्मसन्तुष्टि लिन सकिन्छ । कामदारहरूले वृद्धवृद्धाको हेरचाह गर्न जान्ने हुनुपर्छ । अशक्त बिरामीहरूसँग रातदिन बस्नुपर्ने हुँदा सहनशील र धैर्य गर्न सक्नुपर्छ । विद्युतीय सामानहरू चलाउने ज्ञान हुनुपर्छ । एउटा घरको सम्पूर्ण जिम्मेवारी लिएर काम गर्नुपर्ने हुनाले आत्मविश्वासको साथ एउटा घरको पूर्ण जिम्मेवारी लिन सक्नुपर्छ ।

बिदाको दिनबाहेक वृद्धवृद्धालाई एक्लै छोडेर हिंडे यसको विरुद्ध भने कोही बोल्दैन । त्यहाँ अनैतिक काम गर्न हुँदैन । जुन काम गर्न गएको हो त्यो भन्दा अर्को काम गर्न पाइँदैन । हप्तामा एक दिन बिदा लिन मिल्छ । आफूले चाहेको खण्डमा बिदाको दिन पनि काम गर्न पाइन्छ ।

# आधुनिकीकरणको छायाँमा रैथाने ज्ञान



■ होमकाजी आचार्य

"परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोजलाई एकअर्काको विरोधीका रूपमा होइन, परिपूरक प्रक्रियाका रूपमा बुझ्नुपर्छ । पुर्खाको अनुभवमा आधारित उपचार पद्धतिलाई अभिलेखीकरण गर्ने, त्यसमा प्रयोग हुने वनस्पतिको पहिचान गर्ने, उपयोगी सम्भावनाको अनुसन्धान गर्ने र जोखिमपूर्ण प्रयोगलाई रोक्ने काम सँगसँगै अघि बढाउनुपर्छ । यसो गर्दा समुदायमा रहेको ज्ञानलाई सम्मान गर्दै त्यसको सुरक्षित र विवेकपूर्ण उपयोगको बाटो खुल्छ ।

तामाङ गाउँबस्तीमा जन्मदेखि घेवा (मृत्यु संस्कार) सम्मका संस्कारमा आवश्यक पर्ने टोटलाको फूल अर्थात् 'कोकोम्हेन्दो' खोज्ने ताम्बाहरू भेटिन छाडेका छन् । किरात बस्तीमा मुन्धुमी अनुष्ठानका लागि चाहिने सुगन्धित 'काहुलो' चिन्ने नछुङहरूको संख्या घट्दै गएको छ । उच्च हिमालीखर्कमा भेँडा गोठसँगै 'बिख' र 'बिखुमा'को भेद छुट्याउन जान्ने गोठालाहरूको अनुभवजन्य ज्ञान पुस्तान्तरण हुन सकेको छैन । आँगनका तुलसीका मठ र कान्लाका चाबो कंक्रिटले पुरिँदै गएका छन् । नेपाली समाजले आधुनिकीकरणका नाममा गुमाउँदै गएको कुरा पुराना चालचलनमामात्र सीमित छैन । संस्कृतिसँगै विकसित भएका औषधीय वनस्पतिसम्बन्धी ज्ञान, अनुभवमा आधारित विज्ञान र आत्मनिर्भर जीवनशैलीका आधारसमेत कमजोर हुँदै गएका छन् ।

## संस्कृति कमजोर हुँदा वनस्पति कसरी मासिन्छ ?

हाम्रो समाजमा संस्कृति र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ । कुनै समुदायको मौलिक संस्कार बदलिँदा वा छोडिँदा त्यससँग जोडिएका वनस्पतिको प्रयोग, रोपण, संरक्षण र पुस्तान्तरणको अभ्यास पनि कमजोर हुन्छ । त्यसैले सांस्कृतिक परिवर्तनलाई जैविक विविधतामाथि पर्ने प्रभावबाट अलग राखेर हेर्न मिल्दैन । तामाङ समुदायमा 'कोकाम्हेन्दो' केवल फूलमात्र नभई पुर्खा, संस्कार र प्रकृतिबीचको सम्बन्धको प्रतीक मानिन्छ । टोटलाका विभिन्न भाग परम्परागतरूपमा औषधीय प्रयोजनमा प्रयोग हुँदै आएका छन् । परम्परागत प्रयोगको इतिहास हुनु र त्यसको औषधीय प्रभाव वैज्ञानिक परीक्षणबाट प्रमाणित हुनु फरक कुरा हुन् ।

बजारमा उपलब्ध कृत्रिम फूलको प्रयोग बढ्दै जाँदा संस्कारका लागि टोटला खोज्ने, रोप्ने र संरक्षण गर्ने अभ्यास कमजोर हुँदै गएको छ । सांस्कृतिक माग घट्दा त्यसको संरक्षणमा समुदायको चासो पनि घट्दै गएको छ । पूर्वी पहाडका किरात (राई र लिम्बू) समुदायमा नछुङ र फेदाङ्माले विभिन्न अनुष्ठानमा वनस्पति प्रयोग गर्ने परम्परा छ । 'काहुलो' पनि कतिपय स्थानीय अभ्यासमा महत्त्वपूर्ण मानिन्छ । यससँग सम्बन्धित परम्परागत ज्ञानलाई समुदायको अनुभव र स्मृतिका आधारमा अभिलेखित गर्न आवश्यक छ । यसको औषधीय गुणबारे वैज्ञानिक निष्कर्ष निकाल्न भने वनस्पतिको सही पहिचान, रासायनिक विश्लेषण, प्रयोगशालामा परीक्षण र आवश्यकताअनुसार थप अनुसन्धान गर्नुपर्छ । मुन्धुमी चेतना र अनुष्ठानसँग जोडिएको ज्ञान पुस्तान्तरण कमजोर हुँदा यस्तो वनस्पति चिन्ने र यसको उपयोगबारे जान्ने व्यक्तिको संख्या पनि घट्दै गएको छ ।

खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पिपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो । ती विशाल रुखले वातावरणीय सन्तुलन, शीतल छायाँ, चराचुरुंगीको वासस्थान र सामुदायिक भेटघाटका लागि महत्त्वपूर्ण भूमिका खेल्थे । वर, पिपल र तुलसीका विभिन्न परम्परागत उपयोगसम्बन्धी ज्ञान पनि पुस्तान्तरण हुँदै आएको छ । त्यसैगरी, कतिपय स्थानीय समुदायमा 'चाबो' भनेर चिनिने वनस्पति घरेलु उपचारमा प्रयोग गरिन्छ । यसको सही वनस्पतिगत पहिचान र औषधीय प्रभावबारे थप अनुसन्धान आवश्यक छ ।

सडक विस्तार, अव्यवस्थित निर्माण र सिमेन्टका आँगनको विस्तारले चौतारी, तुलसीका मठ र घर वरपरका उपयोगी वनस्पतिका लागि उपलब्ध ठाउँ घटाउँदै लगेका छन् । तराईका थारू समुदायमा गुरुवा र भर्राजस्ता परम्परागत उपचारकले विभिन्न वनस्पति प्रयोग गर्ने ज्ञान पुस्तौंदेखि जोगाउँदै आएका छन् । 'सतवरिया' र 'हरैया' जस्ता स्थानीय नामले चिनिने वनस्पतिको पहिचान क्षेत्रअनुसार फरक हुनसक्ने भएकाले तिनको वैज्ञानिक पहिचान स्पष्ट पार्नु महत्त्वपूर्ण छ ।

कृषि क्षेत्रमा रासायनिक विषादीको अत्यधिक प्रयोग, प्राकृतिक वासस्थानको विनाश र अव्यवस्थित संकलनले कतिपय उपयोगी वनस्पति लोपोन्मुख अवस्थामा पुऱ्याइएको छ । त्यसैगरी, विभिन्न समुदायमा जाँड-रक्सी बनाउन प्रयोग हुने 'मर्चा' रैथाने जैविक ज्ञानको एउटा उदाहरण हो । यसको निर्माणमा सूक्ष्म जीव, स्थानीय कच्चापदार्थ र समुदायमा पुस्तौंदेखि विकसित भएको अनुभवजन्य सीपको भूमिका हुन्छ । व्यावसायिकरूपमा उत्पादित खमिरको प्रयोग बढ्दै जाँदा परम्परागत मर्चा बनाउने विधि र त्यससँग जोडिएका स्थानीय ज्ञान ओझेलमा पर्नसक्छ । यससँग सम्बन्धित वनस्पति तथा सूक्ष्म जीवको पहिचान र प्रयोगबारे व्यवस्थित अभिलेखीकरण आवश्यक छ ।

## परम्परागत औषधीय ज्ञान र वैज्ञानिक परीक्षण

पुर्खाले वनजंगलमा उपलब्ध वनस्पति, जडीबुटी र प्राकृतिक पदार्थको प्रयोगबाट रोगव्याधिको उपचार गर्नेक्रममा अनुभवमा आधारित ज्ञान विकास गरेका थिए । लामो समयसम्म गरिएका प्रयोग, तिनका परिणामको अवलोकन र पुस्तान्तरणबाट कतिपय उपचार पद्धति समुदायमा स्थापित भए । आज पनि यस्तो ज्ञान ग्रामीण जीवन, सांस्कृतिक पहिचान र औषधीय अनुसन्धानका लागि महत्त्वपूर्ण स्रोत हुन सक्छ ।

परम्परागतरूपमा कुनै वनस्पति प्रयोग हुँदै आएको छ भन्दैमा त्यसले सबै अवस्थामा सम्बन्धित रोग निको पार्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । त्यसैगरी कुनै वनस्पतिको औषधीय सम्भावना देखिनु र त्यसबाट तयार गरिएको औषधि मानिसमा सुरक्षित तथा प्रभावकारी प्रमाणित हुनु पनि फरक कुरा हुन् । त्यसैले पुर्खाको अनुभवलाई अस्वीकार गर्ने होइन, त्यसलाई वैज्ञानिक अध्ययनका लागि महत्त्वपूर्ण आधारका रूपमा लिनुपर्छ ।

नेपालमा औषधीय वनस्पतिबारे अध्ययन र अनुसन्धान गर्ने सरकारी निकायमध्ये वनस्पति विभाग महत्त्वपूर्ण छ । विभागले औषधीय तथा सुगन्धित वनस्पतिसम्बन्धी अनुसन्धान, पहिचान, अभिलेखीकरण र वैज्ञानिक जानकारीको विकासमा काम गर्दै आएको छ । यसका अनुसन्धान सामग्रीमा वनस्पतिको पहिचान, रासायनिक तत्त्व र औषधीय सम्भावनासम्बन्धी विवरण खोज्न सकिन्छ । परम्परागतरूपमा प्रयोग हुँदै आएका केही वनस्पतिमाथि औषधीय गतिविधिको परीक्षण पनि गरिएको छ । उपलब्ध अध्ययनले केही परम्परागत प्रयोग र औषधीय अनुसन्धानबीच समानता देखाए पनि सबै वनस्पति र सबै उपचार विधिको प्रभावकारिता प्रमाणित भइसकेको अवस्था छैन ।

सिंहदरबार वैद्यखानाजस्ता सरकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थाले च्यवनप्राश, त्रिफला चूर्ण, तुलसी चियालगायतका उत्पादन बनाउँदै आएका छन् । यसले वनस्पति तथा अन्य प्राकृतिक द्रव्यमा आधारित परम्परागत औषधि निर्माणको संस्थागत अभ्यासलाई देखाउँछ । कुनै सरकारी संस्थाले जडीबुटीजन्य औषधि उत्पादन गर्छ भन्ने आधारमा यहाँ उल्लेख गरिएका टोटला, काहुलो, चाबो, बिख-बिखुमा वा हाडजोरा सबै त्यस्ता औषधिका कच्चापदार्थ हुन् भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन । त्यसका लागि प्रत्येक वनस्पतिको वैज्ञानिक पहिचान र सम्बन्धित औषधिको प्रमाणित उत्पादन विवरण आवश्यक हुन्छ ।

यसर्थ परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोजलाई एकअर्काको विरोधीका रूपमा होइन, परिपूरक प्रक्रियाका रूपमा बुझ्नुपर्छ । पुर्खाको अनुभवमा आधारित उपचार पद्धतिलाई अभिलेखीकरण गर्ने, त्यसमा प्रयोग हुने वनस्पतिको पहिचान गर्ने, उपयोगी सम्भावनाको अनुसन्धान गर्ने र जोखिमपूर्ण प्रयोगलाई रोक्ने काम सँगसँगै अघि बढाउनुपर्छ । यसो गर्दा समुदायमा रहेको ज्ञानलाई सम्मान गर्दै त्यसको सुरक्षित र विवेकपूर्ण उपयोगको बाटो खुल्छ ।

## गोठ र घरेलु शिल्पको पतन

कुनै जीवनशैली हराउँदा त्यससँग जोडिएको लामो अनुभव र ज्ञान कसरी विलीन हुनसक्छ भन्ने उदाहरण नेपालको गोठ तथा घरेलु शिल्प संस्कृतिमा देखिन्छ । उच्च पहाडी भेगका भेँडा गोठालाहरूले जंगल र खर्कमा पाइने विभिन्न वनस्पति, तिनको उपयोग तथा सम्भावित विषाक्तताबारे अनुभवका आधारमा ज्ञान विकास गरेका थिए । 'बिख' र 'बिखुमा' भनेर चिनिने वनस्पतिबीचको भेद छुट्याउने ज्ञान पनि कतिपय स्थानीय परम्परामा पाइन्छ । यी नामले कुन-कुन प्रजातिलाई जनाउँछन् भन्ने कुरा पहिचान नगरी तिनको विषाक्तता वा प्रतिविषका रूपमा प्रयोगबारे निश्चित निष्कर्ष निकाल्न मिल्दैन । नयाँ पुस्ताले भेडापालन छाड्दै जाँदा खर्कमा विकसित भएको वनस्पतिसम्बन्धी अनुभवजन्य ज्ञान हराउने जोखिम बढेको छ ।

भेडापालन घट्नु, ऊनको उत्पादन कम हुनु र बजारिया कपडाको पहुँच बढ्नुले परम्परागत बुनाइमासमेत प्रभाव पारेको छ । गुरुङ, मगर, शेर्पा र खस समुदायमा विभिन्न रूपमा प्रचलित 'राडी-पाखी', 'लुंगी' र जाडोमा प्रयोग गरिने बाक्ला ऊनी कपडा बुन्ने सीपलाई बजारिया कृत्रिम रेसाका कपडाले चुनौती दिएका छन् । यसले परम्परागत तान, धागो तयार गर्ने प्रविधि र स्थानीय सामग्रीको उपयोगसँग जोडिएको ज्ञान कमजोर बनाएको छ ।

तराई र मध्यपहाडका कतिपय क्षेत्रमा कपास खेती घट्दै जाँदा चर्खाबाट धागो कात्ने र हातेतानमा कपडा बुन्ने परम्परा पनि कमजोर भएको छ । ग्रामीण जीवनका आधार मानिने बाँस र निगालोबाट डोको, डालो, मान्द्रो, भकारी र पेरुंगो बनाउने सीपले प्लास्टिकका सामग्रीसँग प्रतिस्पर्धा गर्नुपरेको छ । चोयाबाट हलुका, उपयोगी र टिकाउ सामग्री बनाउने यो सीपले उचित श्रममूल्य नपाउँदा नयाँ पुस्तामा यसको आकर्षण घट्दै गएको छ । कुमालेले माटो मुछेर घैंटो, हाँडी र पाला बनाउने परम्परागत प्रविधिलाई धातु तथा प्लास्टिकका भाँडाको विस्तारले चुनौती दिएको छ ।

माटाका भाँडाको उपयोगिता तिनको बनोट, प्रयोग र मर्मतसम्भारमा निर्भर हुन्छ । तिनलाई सबै अवस्थामा आधुनिक भाँडाभन्दा स्वस्थकर भन्न भने मिल्दैन । परम्परागत माटाका भाँडा बनाउने सीप र स्थानीय उत्पादनको सांस्कृतिक महत्त्व बजारमा पर्याप्त मूल्य पाउन सकेका छैनन् । त्यस्तै, गाउँघरमा हाड भाँचिदा बाँसका कप्टेरा लगाएर अंग स्थिर बनाउने र विभिन्न वनस्पति प्रयोग गर्ने परम्परागत उपचार पद्धति कतिपय ठाउँमा पाइन्थ्यो । 'हाडजोरा'वा 'हडचुर' भनेर चिनिने वनस्पतिसम्बन्धी ज्ञान पनि स्थानीय उपचार परम्पराको हिस्सा हो । यस्ता अभ्यासको ऐतिहासिक महत्त्व अभिलेखित गर्नुपर्छ, तर गम्भीर चोटपटकमा आधुनिक चिकित्सकीय परीक्षण र उपचारको विकल्पका रूपमा प्रस्तुत गर्नु हुँदैन । स्वास्थ्य सेवाको विस्तारसँगै परम्परागत उपचारको अनुभवजन्य ज्ञानलाई अभिलेखीकरण र वैज्ञानिक अध्ययन गर्ने काम पनि अघि बढ्नुपर्छ ।

## रैथाने नश्लको क्षयीकरण

आधुनिकीकरणको प्रभाव वनस्पतिमामात्र सीमित छैन । स्थानीय पशुपन्छीका नश्ल र तिनलाई पाल्ने परम्परागत प्रणालीमासमेत परिवर्तन आएको छ । पूर्वी पहाडका कतिपय समुदायमा पालिने सानो कदका स्थानीय सुँगुर, जंगलछेउ विचरण गर्ने लुइँचे र रैथाने साकिनी कुखुरा स्थानीय हावापानी, आहार र पालन प्रणालीसँग अनुकूलित हुँदै आएका छन् । तिनको तुलनामा व्यावसायिक रूपमा पालिने विदेशी वा उन्नत जातका पशुपन्छीको विस्तारले स्थानीय नश्ल संरक्षणमा चुनौती सिर्जना गर्नसक्छ तर कुनै नश्ल लोप प्रायः भइसकेको वा त्यसको रोगप्रतिरोधी क्षमता समाप्त भएको निष्कर्ष निकाल्न जनसंख्या, प्रजनन् र आनुवंशिक विविधतासम्बन्धी तथ्यांक आवश्यक हुन्छ ।

सुदूरपश्चिमको अछामी नौमुठे गाई र पोखरेली लमे तथा पार्केभैँसीजस्ता स्थानीय पशुजन्य सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्छ । यस्ता नश्लको महत्त्व दूध वा मासु उत्पादनमामात्र सीमित हुँदैन । तिनमा स्थानीय हावापानीसँग अनुकूलन, पालनसम्बन्धी अनुभव, आनुवंशिक विविधता र स्थानीय खाद्य प्रणालीको निरन्तरतासँग जोडिएका पक्षसमेत हुन्छन् । रैथाने पशुपन्छीको संरक्षण गर्नु भनेको सबै आधुनिक नश्ल वा प्रविधिलाई अस्वीकार गर्नु होइन । स्थानीय नश्लको उपयोगिता पहिचान गर्दै वैज्ञानिक प्रजनन्, उचित पालन र जैविक विविधताको संरक्षणलाई सँगसँगै अघि बढाउनु हो । स्थानीय नश्ल गुम्दै जानु भनेको भविष्यमा उपयोगी हुन सक्ने आनुवंशिक स्रोत र खाद्य प्रणालीका विकल्प कमजोर हुनु पनि हो ।

हामीले आधुनिक हुनुको अर्थ आफ्ना सबै रैथाने आधार भत्काउनु ठानेका छौं कि भन्ने प्रश्न गम्भीर छ । एउटा संस्कृति कमजोर हुँदा त्यससँग जोडिएको वनस्पतिको संरक्षण, त्यसको उपयोगसम्बन्धी ज्ञान र समुदायको स्वावलम्बी अर्थतन्त्र पनि प्रभावित हुनसक्छ । यसका साथै वनविनाश, बजारको दबाब, जलवायु परिवर्तन र अव्यवस्थित विकासले समस्या थप जटिल बनाउँछन् ।

परम्परागत औषधीय ज्ञान र रैथाने सीपको संरक्षण गर्नुको अर्थ वैज्ञानिकरूपमा प्रमाणित आधुनिक चिकित्सा पद्धति र प्रविधिको उपयोग नगर्नु होइन । यसको अर्थ उपयोगी परम्परागत ज्ञानलाई प्रमाणका आधारमा अध्ययन गर्नु, जोखिमबारे सचेत रहनु र आवश्यकताअनुसार आधुनिक प्रविधिसँग समन्वय गर्नु हो । आधुनिक चिकित्सा आवश्यक पर्ने अवस्थामा त्यसको उपयोग गर्नुपर्छ । परम्परागत ज्ञानलाई पनि अन्धविश्वास भनेर पन्छाउनुको सट्टा अध्ययन, अभिलेखीकरण र उपयुक्त संरक्षण गर्नुपर्छ ।

हामीले आज संरक्षण गर्न सकेनौं भने भोलिका पुस्ताले आफ्नै आँगन, वनजंगल र खर्कमा विकसित भएको ज्ञानसँगको सम्बन्ध गुमाउन सक्छन् । त्यसैले वनस्पति र जडीबुटी जोगाउनु भनेको विगतको सम्झनामात्र जोगाउनु होइन, भावी पुस्ताले पनि तिनको पहिचान, उपयोग र सम्भावित लाभबारे जान्न, अध्ययन गर्न र आवश्यकताअनुसार उपयोग गर्न पाउने आधार सुरक्षित गर्नु हो । आधुनिक विज्ञान र परम्परागत ज्ञानबीच संवाद स्थापित गर्दै जैविक विविधता, सांस्कृतिक सम्पदा र मानव स्वास्थ्यको संरक्षण गर्नु नै दिगो आधुनिकीकरणको बाटो हो । *रासस*

*(लेखक रैथाने बाली संरक्षण अभियानमा क्रियाशील छन्)*

कोप-३१ पूर्वतयारी

# हिमाली एजेण्डा र जलवायु न्यायमा परराष्ट्रमन्त्री खनालको जोड




■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा हिमाली एजेण्डा, जलवायु वित्त र जलवायु न्यायलाई प्राथमिकताका साथ उठाउने बताएका छन् ।

टर्किएमा यसै महिना आयोजना हुने कोप-३१ को पूर्वतयारीका सन्दर्भमा बिहीबार यहाँ आयोजित राष्ट्रिय जलवायु सम्मेलनमा उनले भने, 'आगामी कोप-३१ मा नेपालले पर्वतीय एजेण्डा, जलवायुजन्य क्षति तथा नोक्सानी, जलवायु वित्त र जलवायु न्यायलाई प्राथमिकताका साथ उठाउने छ ।'

परराष्ट्रमन्त्री खनालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको पारिस्थितिक प्रणाली थप जोखिमपूर्ण बन्दै गएको उल्लेख गरे । 'हिमालको संरक्षणलाई साझा विश्वव्यापी जिम्मेवारीका रूपमा लिनुपर्छ । हिमाली क्षेत्रको पारिस्थितिक स्थिरता हाम्रो सीमाभन्दा धेरै परसम्म रहेका लाखौं मानिसको जल, खाद्य, ऊर्जा र आर्थिक सुरक्षासँग अभिन्नरूपमा जोडिएको छ । त्यसैले हाम्रा हिमालको संरक्षण गर्नु साझा विश्वव्यापी जिम्मेवारी हो,' उनले भने ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा आयोजित सम्मेलनमा मन्त्री खनालले कोप-३१ मा नेपालले अन्तर ाष्ट्रिय जलवायु सहकार्यलाई परिणाममुखी बनाउन पहल गर्ने बताए । उनले हिमाली क्षेत्रका विशिष्ट समस्या र जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा प्राथमिकताका साथ समेट्नुपर्ने बताए । उनले पेरिस सम्झौताले निर्धारण गरेको विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य हिमाली मुलुकका लागि विशेष महत्त्वपूर्ण रहेको स्पष्ट पारे ।

'तापक्रममा अस्थायीरूपमा पनि निर्धारित सीमाभन्दा बढी वृद्धि हुँदा हिमनदी पग्लिने क्रम तीव्र हुन सक्छ, संवेदनशील पारिस्थितिक प्रणाली अस्थिर बन्न सक्छन् र वातावरणीय परिवर्तन अपरिवर्तनीय बन्न सक्छन्,' उनले भने । नेपालले सन् २०२४ मा हिमालय, जनजीवन र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद तथा सन् २०२५ मा सगरमाथा संवादमार्फत हिमाली मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाएको स्मरण गर्दै परराष्ट्रमन्त्री खनालले सन् २०२७ मा आयोजना हुने आगामी सगरमाथा संवादमार्फत पनि यस अभियानलाई निरन्तरता दिइने बताए ।

परराष्ट्रमन्त्री खनालले कोप-३१ मा हिमाली मुद्दासम्बन्धी नियमित उच्चस्तरीय संवाद, छुट्टै पर्वतीय कार्ययोजना र विश्वव्यापी जलवायु नीतिमा पर्वतीय क्षेत्रका जोखिमलाई व्यवस्थितरूपमा समावेश गर्न नेपालले पैरवी गर्ने जानकारी दिए । मन्त्री खनालले जलवायु परिवर्तनका कारण हुने क्षति तथा नोक्सानीको सम्बोधन अन्तर्राष्ट्रिय जलवायु ऐक्यबद्धताको महत्त्वपूर्ण मापदण्ड बन्नुपर्ने बताए ।

'आर्थिक क्षतिभन्दा पर समुदायको विस्थापन, सांस्कृतिक सम्पदाको क्षयीकरण र परम्परागत जीविकोपार्जनमा अवरोधजस्ता गम्भीर तथा दीर्घकालीन नोक्सानी पनि छन्,' उनले भने । उनले क्षति तथा नोक्सानी सम्बोधन गर्ने कोषबाट नेपाललाई अस्थायीरूपमा दुई करोड १६ लाख अमेरिकी डलर विनियोजन गर्ने निर्णय अन्तर्राष्ट्रिय जलवायु सहकार्यको महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गरे ।

उनले उक्त रकममध्ये दुई करोड अमेरिकी डलर पुनःस्थापना तथा पुनर्निर्माणका लागि र १६ लाख अमेरिकी डलर अनुगमन तथा सुपरीवेक्षण शुल्कका लागि छुट्याइएको बताए । 'अब हामीले यस प्रगतिलाई थप अघि बढाउँदै कोषमा पर्याप्त रकम सुनिश्चित गर्ने, पहुँच प्रक्रियालाई सरल बनाउने र विशेषगरी विनाशकारी जलवायु विपद्को सामना गरिरहेका मुलुकलाई समयमै सहायता उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ,' मन्त्री खनालले भने ।

नेपालले विपद्पछिको पुनःस्थापना र उत्थानशील पुनर्निर्माणका लागि पूर्वानुमानयोग्य, अनुदानमा आधारित वित्तीय स्रोत तथा शीघ्र सहायता संयन्त्रको वकालत गरिरहने उनले स्पष्ट पारे । मन्त्री खनालले जलवायु वित्त सहज, न्यायोचित र राष्ट्रिय प्राथमिकताअनुरूप उपलब्ध हुनुपर्नेमा जोड दिए ।

मन्त्री खनालले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसबाट हुने क्षति र जोखिम भने बढ्दै गएको बताए । 'नेपालको हरितगृह ग्यास उत्सर्जन नगण्य छ, तर जलवायुजन्य क्षति बढ्दो छ । अर्कोतर्फ, हाम्रा वन, हिमनदी र पर्वतीय पारिस्थितिक प्रणालीले हाम्रो सीमाभन्दा धेरै परसम्म पर्यावरणीय स्थिरता कायम राख्न योगदान पुऱ्याइरहेका छन्,' उनले भने ।

जलवायु परिवर्तनमा न्यून योगदान गर्ने तर असमानरूपमा बढी क्षति बेहोर्ने मुलुकहरूको अवस्था अन्तर्राष्ट्रिय जलवायु व्यवस्थाले सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो । उनले महिला, बालबालिका, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको जलवायुसम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिए ।

उनले हिमालय र प्रशान्त महासागर एउटै विश्वव्यापी पारिस्थितिक प्रणालीका परस्पर जोडिएका अंग रहेको उल्लेख गर्दै हिमनदी पग्लिने प्रभाव नदी प्रणाली, कृषि क्षेत्र र तटीय समुदायसम्म पुग्ने बताए । 'हिमालय र प्रशान्त महासागर एउटै साझा ग्रह प्रणालीमार्फत जोडिएका छन् । हिमनदी पग्लिने प्रभाव नदी प्रणाली, कृषि भू-दृश्य र तटीय समुदायसम्म पुग्छ,' उनले भने ।

मन्त्री खनालले गत भदौ १० गतेको भोटेकोशी विपद् तथा त्यसपछि आएका बाढीपहिरोबाट भएको क्षतिको पुनर्निर्माण र पुनःस्थापनाका लागि करिब चार अर्ब ८० करोड अमेरिकी डलर आवश्यक पर्ने बताए । उनले उक्त रकम नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी) को करिब १० प्रतिशत बराबर रहेको जानकारी दिए । 'यी भयावह तथ्यांकको पछाडि आफ्ना प्रियजन गुमाएका परिवार, पुनर्निर्माणका लागि संघर्ष गरिरहेका समुदाय र जोखिममा परेका दशकौंको विकास उपलब्धि लुकेका छन्,' मन्त्री खनालले भने ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८१ कात्तिक १२ गते २०८३ मा प्रकाशित **Leader Overseas Pvt. Ltd.** को **LT No. 349868** भएका **Bibash Foodstuff Trading** कम्पनीको लागि अन्तर्वार्ता मिति **कात्तिक १९ गते (5th Nov.)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Leader Overseas Pvt.ltd.**
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८१ कात्तिक १२ गते २०८३ मा प्रकाशित **Dar Al-khaleej Overseas Manpower Consultant** को **LT No.349822** भएका **S S V Birds Carpentry And Flooring Contracting L.L.C** कम्पनीको लागि अन्तर्वार्ता मिति **कात्तिक १९ गते (5th Nov.)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Dar Al-khaleej Overseas Manpower Consultant**
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: recruitment@daralkhaleej.org, Web: www.daralkhaleej.com.np

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
लोहरपटी शाखा, लोहरपटी नगरपालिका,
लोहरपटी, महोत्तरी सम्पर्क फोन: ९८०१९८२०५०

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री मियाजान कवारीको नाति, बिल्टू कवारीको छोरा, मधेश प्रदेश महोत्तरी जिल्ला, बलवा नगरपालिका वडा नं. १० बस्ने २८ वर्षको श्री फिरोज कवारीको मिति २०८३/०३/२७ (ई.सं. ११/०७/२०२६) मा मृत्यु भएकोले स्व. फिरोज कवारीकी पत्नी हाल बलवा नगरपालिका वडा नं. १० बस्ने श्रीमती साजहान खातूनले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लोहरपटी शाखा, लोहरपटी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, दमक
सडक विभाग

## सडक डिभिजन लहान, सिरहा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८३/०७/१३**

यस कार्यालयको सूचना नं. 2083/84-01 मिति २०८३/०४/१३ मा bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरूको मूल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्र औसत अंकको नजिक सारभूत रूपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम (मु. अ. कर, पि.एस. समेत) |
|---|---|---|---|
| RDLHN/33701138/ 083/84-01 | M/S Ramita - Ajay JV | Road Upgrading works (2-Lane Asphalt, X- Drainage, Drain ,Footpath & Road Safety works) Rajbiraj - Chhinamsta Sadak (CH- 15+100 to 24+000), Saptari | 31,62,89,203.53 |
| RDLHN/33701138/ 083/84-02 | M/S Guransh- Kishan Chandrayan JV | Upgrading of Rupani - Rajbiraj - Chhinamasta Sadak (Ch 7+200-9+180) with 4- Lane. NH-14 Saptari | 27,25,73,810.25 |
| RDLHN/33701138/ 083/84-08 | M/S PRAPTI/K.B./ AADARSHA J.V | Road Improvenet and Rehabilitation Works on Kadamaha to Gaighat( From CH 0+000 to CH 26+500) | 4,38,07,836.63 |
| RDLHN/33701122/ 083/84-10 | M/S Dharamraj- OmGaneshya JV | Construction of 2-webbed reinforcement concrete bridge on Existing Sub Structure over Bhaluwahi khola | 3,16,50,223.70 |

**डिभिजन प्रमुख**



**Suwarna Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Kawahigoth, Bara**
**Madhesh Province, Nepal**

## INVITATIONS FOR BIDS (HARD COPY)

**Date of Publication : 2083/07/13**

1. Suwarna Rural Municipality Kawahigoth, Bara invites sealed hard bids to all Nepalese eligible Bidders for the procurement of the following Mentioned below works under National Competitive Bidding Procedures.

| Contract ID No. | Project Name | Estimated amount without VAT & contingencies (Rs.) | Bid securities Amount/Validity Period | Bid Validity Periods | Cost of Bid Document (Rs.) |
|---|---|---|---|---|---|
| SRM/NCB/W/ 2083-084/01 | Main road dekhi Bagahi swasthya chaukisamma sadak dhalan | 36,69,900.45 | 115,000.00/ 120 days | 90 days | 3000 |
| SRM/NCB/W/ 2083-084/02 | Jamuniya gauma P:C:C dhalan karya | 34,81,771.14 | 105,000.00/ 120 days | 90 days | 3000 |
| SRM/NCB/W/ 2083-084/03 | Hardiya nahar dekhi phc jaane batoma adhuro dhalan tatha ramjanki mandirma parkhal, kitchen, sauchalya lagayat nirman karya | 26,11,924.53 | 80,000.00/ 120 days | 90 days | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of Suwarna Rural Municipality, Kawahigoth, Bara or visit www.suwarnamun.gov.np
3. A complete set of bidding Documents may be purchased from the office of Suwarna Rural Municipality, Kawahigoth, Bara by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee till 2083/08/03. Bidder who chooses to submit their bid may purchase the hard copy of the bidding documents from the office of Suwarna Rural municipality, Kawahigoth, Bara.

**Information to Deposit Bid Documents Cost in Bank:**

Name of The Bank: Himalayan Bank Ltd. Subarna Branch.
Account Name: Suwarna Aantrik Rajaswa Khata
Account No: 12007907200148

**Information to Deposit Bid Security in Bank:**

Name of the Bank: Himalayan Bank Ltd. Subarna Branch.
Account Name: Suwarna Dharauti Khata
Account No: 12007907200094

4. Sealed Bids must be submitted to the office of Suwarna Rural Municipality, Kawahigoth, Bara by hand/courier on or before 12:00 Hrs on 2083/08/04. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs on 2083/08/04 at the office of Suwarna Rural Municipality, Kawahigoth, Bara office. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and/or submission fails on a government holidays, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or rejects wholly or partly any or all the bids without assigning any reason, whatsoever. Also matters not mentioned here will be as per amended public procurement rules and regulations.

**Chief Administrative Officer**

प्रभाव दैनिक

शुक्रबार, १३ कात्तिक २०८३ (Friday, 30 October 2026)


रूपशाला

## आकाशको 'मायालुले' सार्वजनिक

नेपाल र डेनमार्कका कलाकार तथा प्राविधिकहरूको संयुक्त सहकार्यमा तयार पारिएको नयाँ गीत 'मायालुले' को म्युजिक भिडियो सार्वजनिक भएको छ । गायक आकाश सिग्देलको आफ्नै शब्द, संगीत र स्वर रहेको यो गीत प्रवासमा रहेर नेपाली सांगीतिक क्षेत्रमा गरिएको सिर्जनात्मक प्रयास हो । कुन्ता न्यौपाने सिग्देल निर्माता रहेको यस म्युजिक भिडियोको छायांकन डेनमार्कको कोपनहेगनमा गरिएको छ । रजनीश चौधरीको निर्देशनमा तयार भएको भिडियोमा कोपनहेगनमै रहेका नवकलाकारहरू प्रदीप्ति पोखरेल, टाइगर सुवेदी र सबित काफ्लेको अभिनय देख्न सकिन्छ । भिडियोको छायांकन विकल थापा तथा सम्पादन र रङ संयोजन रिषन महर्जनले गरेका हुन् ।

# 'चिरञ्जीवी भवः'को डबिङ सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्लकबस्टर चलचित्र 'परान'का निर्देशक दीपकप्रसाद आचार्य 'काकु'को निर्देशनमा निर्माण भएको चलचित्र 'चिरञ्जीवी भवः'को स्वरांकन (डबिङ) सुरु भएको छ । निर्माणपक्षले बिहीबारदेखि चलचित्रको पोस्ट प्रोडक्सनअन्तर्गत स्वरकनको काम सुरु गरिएको जानकारी दिएको हो ।

जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको चलचित्रमा अभिनेता हरिवंश आचार्यले आफ्नो भागको संवाद रेकर्ड गराउँदै स्वरकनको सुरुवात गरेका छन् । चलचित्रको छायांकन सम्पन्न भएसँगै निर्माण टोलीले अब पोस्ट प्रोडक्सनको कामलाई अघि बढाएको हो ।

निर्देशक दीपकप्रसाद आचार्यले चलचित्र निर्माणका क्रममा गुणस्तरमा कुनै सम्झौता नगरिएको र पोस्ट प्रोडक्सनको काममा पनि उत्तिकै मेहनत गरिने बताएका छन् । 'हामीले पोस्टको काम सुरु गरेसँगै स्वरकन गर्न थालेका छौँ,' निर्देशक आचार्यले भने, 'हामीले कुनै पनि सम्झौता गरेका छैनौँ । अब पोस्ट प्रोडक्सनको काम पनि मेहनत गरेर गर्नेछौँ ।'

निर्देशक आचार्यका लागि 'चिरञ्जीवी भवः' विशेष चलचित्रका रूपमा हेरिएको छ । गत वर्ष प्रदर्शनमा आएको उनको निर्देशकीय चलचित्र 'परान' व्यावसायिक रूपमा सफल भएको थियो । उक्त चलचित्रले दर्शकको उल्लेखनीय साथ पाउँदै नेपाली चलचित्र क्षेत्रमा राम्रो व्यापार गरेको थियो । 'परान'को सफलतापछि आचार्यले निर्देशन गरेको 'चिरञ्जीवी भवः'प्रति पनि दर्शकको चासो बढ्ने अपेक्षा गरिएको छ । पहिलो चलचित्रबाट स्थापित भएको निर्देशकीय छविलाई उनले दोस्रो चलचित्रमा कसरी अघि बढाउँछन् भन्ने विषय प्रतीक्षाको विषय बनेको छ ।

सामाजिक विषयवस्तुमा आधारित 'चिरञ्जीवी भवः'ले दुई पुस्ताबीचको वैचारिक भिन्नता र उनीहरूबीचको सम्बन्धलाई मुख्य कथावस्तु बनाएको छ । बदलिँदो सोच, पुस्तान्तरण र पारिवारिक सम्बन्धका आयामलाई चलचित्रले कसरी प्रस्तुत गर्छ भन्ने कुरा यसको प्रदर्शनपछि थाहा हुनेछ ।

चलचित्रमा हरिवंश आचार्यसँगै अभिनेत्री करिस्मा मानन्धर, अभिनेता आशीर्वाद क्षेत्री, मोडल एवं इन्फ्लुएन्सर प्रशंसा रायमाझी मुख्य भूमिकामा छन् । प्रशंसा यसै चलचित्रमार्फत नेपाली चलचित्र क्षेत्रमा डेब्यु गर्दै छिन् । चलचित्रमा आशीर्वाद र प्रशंसालाई जोडीका रूपमा प्रस्तुत गरिने हो वा होइन भन्ने विषयमा निर्माण टोलीले अहिलेसम्म खुलाएको छैन । उनीहरूबीचको सम्बन्ध र भूमिकालाई लिएर निर्माणपक्षले जानकारी सार्वजनिक नगर्दा चलचित्रको यो पक्ष रहस्यमै छ । यस्तै चलचित्रमा कमलमणि नेपाल, हरिश निरौला, सुमन कार्की, मिश्री थापा, सरोज अर्याल, दीपकप्रसाद आचार्य, सुवर्ण थापा, गीता अधिकारी, अभयराज बराल, सुस्मिता कुँवर, उमेश बराल, रिस्ता बस्नेत, रुक्मिला अधिकारी, काजल कर्ण, सुरेश थापालगायत कलाकारको पनि अभिनय रहेको छ । चलचित्रको बाल कलाकारमा यशदीप आचार्य, उस्ना बराल, दिल्लीराम आचार्य र विभूति गौतम छन् ।

चलचित्रमा कुमार कट्टेल 'जिग्री ब्रो' पनि निर्देशक आचार्यसँगै जोडिएका छन् । कुमार कट्टेलको कथा रहेको चलचित्रको पटकथा तथा संवादमा सविन अधिकारी र वसन्त न्यौपा तयार पारेका हुन् । उमेशकुमार बराल र चिरन केसी निर्माता रहेको चलचित्रका कार्यकारी निर्माता गजित विष्ट र शैलेश खत्री हुन् ।

चलचित्रको गीतमा निर्देशक दीपकप्रसाद आचार्य स्वयंसँगै रञ्जित गजमेर र हर्क साउदको रहने निर्माणपक्षले जनाएको छ । चलचित्रको शिवराम श्रेष्ठले छायांकन गरेका छन् भने गोपाल रायमाझी सिनेम्याटोग्राफर तथा ग्याफर, सम्पादक मित्र डी. गुरुङ रहेका छन् । चलचित्रमा बाबुल गिरी, सुशान्त गौतम, रिकेश गुरुङ र समीर खरेलले संगीत तयार पारेका छन् । त्यस्तै, नृत्य निर्देशन गम्भीर विष्ट र किरण थापाले गरेका छन् ।

चलचित्रमा रामबाबु खड्का प्रमुख सहायक निर्देशकका रूपमा छन् भने सागर बोहोरा, नेत्रबहादुर राउत र लक्ष्मी पौडेल सहायक निर्देशकका रूपमा छन् ।

चलचित्रको प्रोजेक्ट म्यानेजर सुवास राज काफ्ले हुन् भने प्रोडक्सन डिजाइन विशाल न्यौपाने छन् । समीर मियाँ र सत्यम राणा भिजुअल इफेक्ट्स (भीएफएक्स), रेनिश फागो कलर ग्रेडिङ, मेकअपमा विक्रम गौतम र मन्दिरा सापकोटा, हेयर स्टाइलिस्ट सञ्जिता ढकाल, स्टिल तथा बीटीएसमा सन्तोष क्षेत्री, ध्वनि सुजन श्रेष्ठ, आशिष पौडेल पोसाक डिजाइनर, दीपक राई र सीताराम खतीवडा ड्रेस स्टाइलिस्ट, प्रोडक्सनमा विष्णुप्रसाद मैनाली तथा अनिश लामिछाने रहेका छन् ।

रंगशाला

एनपिएल क्रिकेट

# विराटनगरको लगातार दोस्रो हार

## कर्णाली र जनकपुर विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गतको खेलमा कर्णाली याक्सले लगातार दोस्रो जित निकालेको छ भने जनकपुरले पहिलो जित हात पारेको छ । कर्णालीसँग पराजित भएको विराटनगरले दोस्रो हार ब्यहोर्दा पहिलो खेल खेलेको काठमाडौं गोर्खाज्ले हारसँगै तेस्रो संस्करणको सुरुवात गरेको छ ।

बिहीबार सम्पन्न पहिलो खेलमा जनकपुर बोल्ट्सले काठमाडौं गोर्खाज्लाई ८ विकेटले पराजित गरेको हो भने कर्णाली याक्सले विराटनगर किङ्सलाई ४ विकेटले पराजित गरेको हो । पहिलो खेलमा जनकपुरलाई १९ रनले हराएको कर्णालीले लगातार दोस्रो जित हात पार्दै अंक तालिकामा शीर्ष स्थानमा कब्जा जमाएको छ । विराटनगरले दिएको १८७ रनको लक्ष्य कर्णालीले १९.५ ओभरमा ६ विकेट गुमाएर भेट्टायो ।

कप्तान सोमपाल कामीले शानदार इनिङ्स खेले । उनी ३२ बलमा ६२ रनमा नटआउट रहे । यस्तै, गुलशन झा २८ रनमा अविजित रहे । पवन सर्राफले ३६ तथा दीपक डुम्रेले २० रनको योगदान दिए । बलिङतर्फ विराटनगरका एन्जेलो म्याथ्युजले तीन तथा चरिथ असलंका, प्रतिश जिसी र सन्दीप लामिछानेले एक-एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित टियु मैदानमा टस हारेर ब्याटिङ थालेको विराटनगरले २० ओभरमा ७ विकेटको क्षतिमा १८६ रन जोड्यो । ओपनर लोकेश बमले आक्रामक पारी खेल्दै ८७ रनको योगदान दिए । ५२ बल खेलेका उनले ९ छक्का र ३ चौका प्रहार गरे । यस्तै, एन्जेलो डेभिस म्याथ्युज ३१ तथा आन्द्रे रसेलले २७ रन जोडे ।

सोमपालले चार विकेट लिए भने नन्दन यादव र मार्क वाटले एक-एक विकेट लिए । यसअघिको खेलमा विराटनगर चितवन राइनोजसँग ८ रनले पराजित भएको थियो ।

त्यस्तै बिहीबारै भएको पहिलो खेलमा पहिलो खेलमा कर्णालीसँग पराजित भएको जनकपुरले काठमाडौंलाई ८ विकेटले जित हात पारेको थियो । काठमाडौंले दिएको ११६ रनको लक्ष्य जनकपुरले १७.२ ओभरमा २ विकेटको क्षतिमा भेटाएको थियो । मोइन अलीले अर्धशतकीय पारी खेले । उनी ५८ रनमा नटआउट रहे । यस्तै, सैफ हसनले अविजित ४० रनको योगदान दिए । अली र हसनबीच ७९ रनको साझेदारी बन्यो ।

बलिङतर्फ काठमान्डुका लागि एकमात्र विकेट रिपोन मन्डोलले लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको काठमान्डु १९.३ ओभरमा ११५ रनमै अलआउट भयो ।

उसका लागि भीम सार्कीले ३३, राशिद खानले १७, स्मित पटेलले १३ तथा सुमित महर्जनले १० रन जोड्दा अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । काठमाडौंको इनिङ्स ध्वस्त पार्न राहुल यादव एक्लैले चार विकेट लिए । यस्तै, सैफ हसनले दुई तथा हरमीत सिंह, मोइन अली र ललित राजवंशीले एक-एक विकेट लिए । शुक्रबार एनपिएलका कुनै पनि खेल नहुने भएको छ ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८१ कात्तिक १२ गते २०८३ मा प्रकाशित Inspire International Employment Pvt. Ltd. को LT No.349837 भएका RAK STEEL LLC कम्पनीको लागि अन्तर्वार्ता मिति **कात्तिक १९ गते (5th Nov.)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Inspire International Employme Nt Pvt.ltd.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८१ कात्तिक १२ गते २०८३ मा प्रकाशित Sky Fortune International Pvt. Ltd. को LT No.349855 भएका Sekawan Security Sdn Bhd कम्पनीको लागि अन्तर्वार्ता मिति **कात्तिक १९ गते (5th Nov.)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Sky Fortune International Pvt.ltd.
Dhumbarahi-04, Kathmandu, Nepal Tel: +977 984-1422940
Email: skyfortunepvtltd@gmail.com, Web: www.skyfortuneintl.com

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
गौडहवा शाखा, गौडहवा गाँउपालिका वडा नं. ३
सम्पर्क फोन: ९८०१९८२५२८

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री मथुरा कलवारको बुहारी, राम लगन कलवारको श्रीमति, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, गौडहवा गाँउपालिका वडा नं. ३ बस्ने ७८ वर्षकी श्री फुलमती कल्वारिनको मिति २०८२/०९/२६ (ई.सं. १०/०१/२०२६) मा मृत्यु भएकोले स्व श्री फुलमती कल्वारिनको छोरा हाल लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, गौडहवा गाँउपालिका वडा नं. ३ बस्ने श्री जोगेन्द्र कलवारले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकका गौडहवा शाखा, गौडहवा गाँउपालिका वडा नं. ३ मा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०५३/०६/०४ मा दर्ता भएको **टि.एच.एच प्राइभेट लिमिटेड (प्रा.लि. नं. १०४६१५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७०/१०/०५ गते **थ्रि-डि.ई प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. ११८६११ कम्पनीको मिति २०८३/०७/१० मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुंदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्कः ९८५११६३७२३

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/२० मा दर्ता भएको प्रा.लि.नं. २५४६९६ को **फ्युचरटेक कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको मिति २०८३/०६/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **हंस कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **हंस कन्स्ट्रक्शन प्रा.लि.(दर्ता नम्बर १७२४४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको मिति २०८३/०४/१९ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सुखिपुर सव-मनि ट्रान्सफर प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लोबल ट्रेडर्स नेपाल प्रा.लि.(दर्ता नम्बर ७६६९३)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०८१/०१/२० गते **किस्टल काउन हस्पिटालिटि ग्रुप** प्रा.लि. को नामबाट दर्ता भएको प्रा.लि.नं. ३३५५०२ कम्पनीको मिति २०८३/०७/१० मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुंदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्कः ९८५११६३७२३

**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७८/१०/२४ गते **इम्पायर जाभा** प्रा.लि. को नामबाट दर्ता भएको प्रा.लि.नं. २८३२७० कम्पनीको मिति २०८३/०७/१० मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुंदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (इजाजत पत्र.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्कः ९८५११६३७२३

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको मिति २०८३/०५/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **नेचर फार्म प्रा.लि.** को नाम परिवर्तन गरी **सेभेन किंगडम फन पार्क एण्ड रिसोर्ट (दर्ता नम्बर २५६५१२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१३ गते**

यस कम्पनीको मिति २०८३/०५/२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **जेनेरस ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **जेनेरस कन्सल्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि.(दर्ता नम्बर ३१४८२७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१५ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/१२/२८ मा दर्ता भएको **कालिगण्डकी जेन्यून सर्भिस प्राइभेट लिमिटेड (प्रा.लि. नं. १८७५०६)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०४/३१ दर्ता भएको **दर्ता नं. १९६२२९/०७५/०७६** को **केमिकल सोलुसन्स प्रा. ली.** को मिति २०८३/०७/१२ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी स्वेच्छिक दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/२६ मा दर्ता भएको यस **टाजन प्रिज्म कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** (प्रा.लि.नं.१७५०२३) कम्पनी यस कार्यालयको मिति २०८३/०४/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०८/०४ मा दर्ता भएको **प्रा. लि. नं. १७८५९१** को **काइभोर ट्रेड प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०८/१४ मा दर्ता भएको **प्रा. लि. नं. ३०२८१२** को **न्यानो फुड्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०८/१५ मा दर्ता कायम भएको **आईकोनिक कुरियर एण्ड काग्रो प्रा.लि.** (प्रा.लि.नं. **३०२८९८/०७९/०८०**) लाई खारेजी लिक्विडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०४/१७ दर्ता भएको **प्रा. लि. नं. ११४७२०/०७०/०७१** को **मेडिका ल्याबोरेटरी सर्भिसेज प्रा. ली.** को मिति २०८३/०७/१२ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०८२/०८/२२ दर्ता भएको **प्रा. लि. नं. ३८०३४५/०८२/०८३** को **आर.एस.बाइट कम्पनी प्रा. ली.** को मिति २०८३/०७/१२ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।
**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# अनुशासन कडा बनाउने पहल गर्दै चिनियाँ कम्युनिस्ट पार्टी



**बेइजिङ–** चीनको सत्तारूढ कम्युनिस्ट पार्टीका उच्च अधिकारीहरूले बिहीबार बेइजिङमा सम्पन्न एक महत्त्वपूर्ण बैठकमा आफ्ना पंक्तिभित्र अनुशासन कडा बनाउने उपायहरू अपनाएको यहाँका राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

राष्ट्रपति सी चिनफिङको नेतृत्वमा भएको केन्द्रीय समितिको पाँचौं प्लेनम (सम्मेलन)ले 'पार्टीले अनुशासनलाई पूर्णरूपमा कसरी थप कडा बढाउने' निर्णयहरू गरेको छ । यसमा कार्यकर्ताहरूबीचको भ्रष्टाचारलाई नियन्त्रण गर्ने पनि उल्लेख गरिएको सिन्ह्वा न्युज एजेन्सीले जनाएको छ ।

ती उपायहरू के हुन् भन्ने विस्तृत विवरण भने दिइएको छैन । पार्टीको केन्द्रीय समितिमा करिब ३०० अधिकारी छन् । विगतमा सम्मेलनहरू सीले आफ्नो अधिकार मजबुत बनाउने महत्त्वपूर्ण क्षण बनेका थिए र यस वर्ष पनि यसले निरन्तरता पाएको छ ।

'यो भेला पार्टी अध्यक्ष सीलाई अर्को वर्षको २१औं (कम्युनिस्ट पार्टी) कांग्रेसमा अर्को कार्यकाल सुरक्षित गर्न तयारीका रूपमा प्रयोग भएको देखिन्छ,' एसओएएस चीन संस्थानका निर्देशक स्टिभ साङले एएफपीसँग भने ।

'विशेषगरी कर्मचारी मामिलामा नियन्त्रण कडा पार्नु सीको कार्यकाल विस्तार पूर्णरूपमा सहज होस् भन्नका लागि आवश्यक तयारी कदम हो,' उनले भने ।

अड्कलबाजीका बाबजुद, आधिकारिक वक्तव्यमा सीलाई 'जनताका नेता (जननेता)' भनेर वर्णन गरिएन । यो पदवीले उनको राजनीतिक हैसियत अझ उचो बनाउने संकेत दिन्थ्यो । चिनियाँ नेताले १४ वर्षदेखि भ्रष्टाचारविरुद्ध अभियान चलाएका थिए, जसले हजारौं अधिकारीहरूलाई हटाएको छ, जसमा दर्जनौं केन्द्रीय समिति सदस्यहरू पनि छन् । उनी अझै पनि आफ्ना आदेश कार्यान्वयन नगर्ने कार्यकर्ताहरूप्रति असन्तुष्ट रहेका छन् ।

'प्लेनमले 'पार्टी शासन शिथिल, सतही र प्रभावहीन भएको अव्यवस्थालाई रोक्न कडा उपाय अपनाएर' पार्टीले 'लामो समयदेखि नियन्त्रणबाहिर रहेका केही अस्वस्थ प्रवृत्तिहरूलाई रोकेको छ र पार्टी, राज्य तथा सशस्त्र बलभित्रका गम्भीर लुकेका खतराहरूलाई हटाएको छ,' वक्तव्यमा भनिएको छ ।

उनका व्यापक शुद्धीकरणका कारण यस वर्षको प्लेनममा सन् १९७६ मा पूर्वनेता माओत्सेतुङको मृत्युपछिको सबैभन्दा कम उपस्थिति भएको बताइएको छ । बैठकअघि केन्द्रीय समितिका आठ सिट खाली थिए ।

## उतारचढाव

सोमबारबाट सुरु भएका भेलामा कारबाहीहरूपछि खाली केही पदहरू भरिएका छन् । केन्द्रीय सैन्य आयोग (सिएमसी) का उपाध्यक्ष तथा भ्रष्टाचारविरोधी प्रमुख चाङ सेङमिनलाई राजनीतिक ब्युरोमा बढुवा गरिएको छ । यो देशको सर्वोच्च निर्णय गर्ने निकाय हो । उनको बढुवासँगै राजनीतिक ब्युरोका सदस्य संख्या २२ पुगेको छ । सिएमसी र केन्द्रीय समितिका धेरै खाली पदहरू नभरिएको तथ्यले 'सी अहिले कसलाई प्रोत्साहन गर्ने भन्नेमा बढी सावधान देखिएका' जनाउँछ,' साङले भने ।

सीको भ्रष्टाचारविरोधी अभियानले सैन्य संरचनालाई पनि निशाना बनाएको छ । पार्टीको सर्वोच्च सशस्त्र बल निकाय सिएमसीका सात सदस्यमध्ये पाँच जनालाई हटाएको छ । अगस्टमा चीनले त्यस बेलाका सर्वोच्च जनरल चाङ योउक्सियालाई महिनौं लामो भ्रष्टाचारविरुद्धको अनुसन्धानपछि पदबाट हटाएको थियो । उनको बर्खास्तीपछि सात प्रतिनिधि हुनुपर्ने सिएमसीमा सी र चाङ सेङमिनमात्र बाँकी रहेका थिए । यो प्लेनम अर्को वर्षको प्रमुख पार्टी कांग्रेसअघि भएको हो । भेलाले ७३ वर्षीय सीलाई लगभग ऐतिहासिक चौथो कार्यकाल सुरक्षित गर्ने निश्चित देखिन्छ तर अन्य नेतृत्व फेरबदलको सम्भावना रहने छ । *रासस/एएफपी*

# क्युबामाथिको अमेरिकी प्रतिबन्ध हटाउन राष्ट्रसंघको माग

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको महासभाले क्युबामाथि अमेरिकाले लगाएको आर्थिक, व्यापारिक तथा वित्तीय प्रतिबन्ध अन्त्य गर्न लगातार ३४औं वर्ष प्रस्ताव पारित गरेको छ । बुधबार पारित प्रस्तावको पक्षमा १३० राष्ट्रले मतदान गरे भने १७ राष्ट्र विपक्षमा उभिए । २५ राष्ट्र मतदानमा अनुपस्थित रहे । दशकौंदेखि जारी प्रतिबन्धलाई अन्तर ाष्ट्रिय कानुनविपरीत भन्दै आलोचना भइरहेका बेला प्रस्तावले अमेरिकामाथि प्रतिबन्ध हटाउन दबाब बढाएको छ ।

प्रस्तावमा सन् १९९६ को अमेरिकी हेल्म्स-बर्टन ऐनजस्ता कानुनले अन्य राष्ट्रको सार्वभौमिकता, तिनको क्षेत्राधिकारभित्रका संस्था तथा व्यक्तिको वैध हित र व्यापार एवं जलयात्राको स्वतन्त्रतामा असर पारेको भन्दै चिन्ता व्यक्त गरिएको छ । महासभाले यस्ता कानुन लागू नगर्न सबै राष्ट्रलाई आग्रह गर्दै कार्यान्वयनमा रहेका कानुन खारेज वा निष्प्रभावी बनाउन सम्बन्धित राष्ट्रलाई आह्वान गरेको छ ।

दुई दिनसम्म चलेको बहसमा अधिकांश सदस्य राष्ट्रले अमेरिकी प्रतिबन्धको विरोध गर्दै त्यसलाई अन्त्य गर्न माग गरेका थिए । दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) का तर्फबाट बोल्दै सिंगापुरका प्रतिनिधिले क्युबामा आवश्यक औषधिको अभाव र खाद्य उत्पादनमा आएको गिरावटले त्यहाँको सामाजिक तथा आर्थिक अवस्था चिन्ताजनक बनेको बताएका थिए ।

संयुक्त राष्ट्रसंघको बडापत्रको रक्षाका लागि गठित मित्र समूहका तर्फबाट बोल्दै इरिट्रियाका प्रतिनिधिले प्रतिबन्धलाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर र लामो समयदेखिको उल्लंघन बताएका थिए । उनले क्युबाली जनतालाई बाह्य हस्तक्षेप र दबावविना आफ्नो भविष्य निर्माण गर्ने अधिकार रहेको बताएका थिए ।

असंलग्न आन्दोलनका तर्फबाट बोल्दै युगाण्डाका प्रतिनिधिले अमेरिकी प्रतिबन्धलाई सामूहिक सजायको एक रूप भनेका थिए । उनका अनुसार लामो विद्युत् कटौतीले अस्पताल, विद्यालय, पानी वितरण र खाद्यपदार्थको संरक्षणमा बाधा पुऱ्याएको छ । अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षामा खतरा नरहेको क्युबामाथिको प्रतिबन्ध अन्त्य गर्न उनले आग्रह गरेका थिए ।

अफ्रिकी समूहका तर्फबाट बोल्दै नामिबियाका प्रतिनिधिले अफ्रिकी संघले लगातार १७औं वर्ष क्युबामाथिको प्रतिबन्ध हटाउन माग गरेको उल्लेख गरेका थिए । समूह ७७ र चीनका तर्फबाट बोल्दै उरुग्वेका प्रतिनिधिले अमेरिकी प्रतिबन्धले तेस्रो मुलुकसँगको व्यापार, लगानी तथा वित्तीय कारोबारमासमेत असर पार्ने र क्युबाको दिगो विकासको सम्भावना कमजोर बनाउने बतएका थिए । यसैबीच, महासभामा मंगलबार अमेरिकी र क्युबाली प्रतिनिधिमण्डलबीच चर्काचर्की भएको थियो । संयुक्त राष्ट्रसंघका लागि अमेरिकी स्थायी प्रतिनिधि माइक वाल्ट्जले क्युबामा भ्रष्टाचार भएको दाबी पुष्टि गर्ने भन्दै तस्बिर देखाउन थालेपछि क्युबाली प्रतिनिधिमण्डलका सदस्यले टेबुल ठटाउँदै आपत्ति जनाएका थिए ।

त्यसपछि क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेज प्रतिनिधिमण्डलका सदस्यसँगै पोडियमतर्फ गएका थिए । उनले वाल्ट्जमाथि झूट बोलेको आरोप लगाएका थिए भने वाल्ट्जले क्युबाली प्रतिनिधिमण्डलसँग आफ्नो भनाइ फिर्ता लिन माग गरेका थिए । विवाद बढेपछि महासभाका अध्यक्षले बैठक केही समयका लागि स्थगित गरेका थिए । बुधबार प्रस्ताव प्रस्तुत गर्दै विदेशमन्त्री रोड्रिगेजले अमेरिकी प्रतिनिधिमण्डलको अघिल्लो दिनको व्यवहारलाई अपमानजनक र उत्तेजक भनेका थिए । उनले क्युबा खतरा नभएको तर अमेरिकी नाकाबन्दी नै खतरा भएको बताएका थिए ।

अमेरिकाले सन् १९६० मा क्युबाली क्रान्तिको एक वर्षपछि पहिलोपटक प्रतिबन्ध लगाएको थियो । सन् १९६२ मा पूर्ण आर्थिक, व्यापारिक तथा वित्तीय प्रतिबन्ध लागू गरिएको थियो । सन् १९९६ को हेल्म्स-बर्टन ऐनले क्युबासँग व्यापार गर्ने विदेशी कम्पनीमाथिसमेत प्रतिबन्ध लागू गर्न सकिने व्यवस्था गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले क्युबामाथि दबाब थप बढाएको छ । *रासस/सिन्ह्वा*

# इजरायलमा नेतान्याहु पक्षलाई ५३ सिट

**जेरुसेलम–** इजरायलको संसदीय निर्वाचनमा करिब ९० प्रतिशत मतगणना हुँदा प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको गठबन्धनले ५३ सिट प्राप्त गरेको छ । विपक्षी दलहरूले ६७ सिट पाए पनि उनीहरूबीचको विभाजनले सरकार गठन चुनौतीपूर्ण बनेको छ ।

'द टाइम्स अफ इजरायल' का अनुसार विपक्षी यहुदी नेतृत्वका दलले ४८ र अरब नेतृत्वका दलले १९ सिट प्राप्त गरेका छन् । यहुदी नेतृत्वका अधिकांश विपक्षी दल अरब नेतृत्वका दलसँग सहकार्य गर्न अनिच्छुक छन् । सैनिकसहितका मतदाताको बाँकी मतगणनाले अन्तिम परिणाम बदल्न सक्ने निर्वाचन अधिकारीहरूले बताएका छन् ।

विपक्षी नेता गदी आइसेनकोटले परिणामले नेतान्याहु सरकारप्रति जनताको अविश्वास देखाएको बताउँदै परिवर्तन र अनिवार्य सैनिक सेवाप्रति प्रतिबद्ध सरकार गठनका लागि प्रयास गर्ने प्रतिबद्धता जनाएका छन् ।

यसैबीच, डेमोक्रेट्सका अध्यक्ष यायर गोलनले सरकार गठनका लागि विपक्षी दलका नेताहरूसँग वार्ता अघि बढाउने बताएका छन् । उनले अरब दलहरूलाई समेत गठबन्धनमा समेट्नुपर्ने धारणा राख्दै विवादास्पद न्यायिक सुधार रोक्न र युवामा भविष्यप्रतिको आशा जगाउन नयाँ सरकार आवश्यक रहेको बताएका छन् । *रासस/एएनआई*

# क्षेप्यास्त्र उत्पादनमा अमेरिका-जापान सहकार्य

**सेबु (फिलिपिन्स)–** अमेरिका र जापानले उन्नत मध्यम दूरीका हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्र संयुक्तरूपमा उत्पादन गर्न जापानमा संयन्त्र स्थापना गर्ने सहमति गरेका छन् । दुवै देशले क्षेत्रीय सुरक्षा सहकार्य र प्रतिरक्षा क्षमता सुदृढ बनाउने उद्देश्यले यो कदम चालेका हुन् ।

जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले बुधबार अमेरिकी रक्षामन्त्री पीट हेग्सेथसँगको भेटपछि उक्त जानकारी दिएका हुन् । 'अपरेसन सुपरचार्ज' अन्तर्गत उत्पादन हुने क्षेप्यास्त्र एफ-३५ लडाकु विमानका लागि आवश्यक रहेको उनले बताए । यद्यपि, सम्झौताका विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

कोइजुमीले क्षेत्रीय सुरक्षा अवस्था जटिल बन्दै गएको उल्लेख गर्दै जापान-अमेरिका गठबन्धनको प्रतिरोध तथा प्रतिक्रिया क्षमता थप बलियो बनाउन सहमति भएको बताए । उनले अन्तर्राष्ट्रिय कानुनमा आधारित स्वतन्त्र र खुला व्यवस्थाको महत्त्वमा पनि दुवै देशले जोड दिएको जानकारी दिए ।

अमेरिकी रक्षामन्त्री हेग्सेथले आसियानका रक्षामन्त्रीहरूसँगको बैठकमा एसियामा शान्ति र स्थिरता कायम राख्न सहयोग गर्ने ट्रम्प प्रशासनको प्रतिबद्धता दोहोऱ्याए । उनले अमेरिकाले आफ्ना सहयोगी र साझेदारको सुरक्षा तथा हितको रक्षा गर्ने बताए ।

अस्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्लेसले पनि अमेरिकालगायत सहयोगी राष्ट्रसँग मिलेर दक्षिण चीन सागरमा अन्तर्राष्ट्रिय कानुन र समुद्री आवागमनको स्वतन्त्रता कायम राख्ने प्रयास जारी राख्ने बताए । गत वर्ष चिनियाँ जे-१६ लडाकु विमान अस्ट्रेलियाको पी-८ पोसाइडन निगरानी विमानको नजिक आएर फ्लेयर छोडेको घटनापछि अस्ट्रेलियाले चासो व्यक्त गरेको थियो ।

दक्षिण चीन सागरमा फिलिपिन्स, भियतनाम, मलेसिया, ब्रुनाई र ताइवानका पनि क्षेत्रगत दाबी छन् । चीन र फिलिपिन्सका तटरक्षक तथा नौसेनाका जहाजबीच विवादित समुद्री क्षेत्रमा विभिन्न विषयलाई लिएर तनाव उत्पन्न हुँदै आएको छ । अमेरिकाले फिलिपिन्सका सैनिक, जहाज वा विमानमाथि सशस्त्र आक्रमण भएमा आफ्नो सन्धिगत प्रतिबद्धताअनुसार सहयोग गर्ने बताउँदै आएको छ ।

यसैगरी, जापान र चीनबीच पूर्वी चीन सागरका केही टापुलाई लिएर पनि विवाद छ । दुवै देशले समुद्री क्षेत्रमा आफ्नो अधिकार र गतिविधिसम्बन्धी विषयमा फरक धारणा राख्दै आएका छन् । *रासस/एपी*


## युएइमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८३/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 345787 | चलानी नं. ६०२५९०३५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 6 | 0 | 1000 | ४१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 8 | 0 | 1500 | ६२,०९३ | | | | | | | |
| 3 | Welder/installer | 6 | 0 | 1500 | ६२,०९३ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 336090 | चलानी नं. ६०२४९६४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 8 | 0 | 1500 | ६२,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 8 | 0 | 1500 | ६२,०९३ | | | | | | | |
| 3 | Drilling Operator | 1 | 0 | 1500 | ६२,०९३ | | | | | | | |
| 4 | Building Labour | 3 | 0 | 1000 | ४१,३९५ | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 328549 | चलानी नं. ६०२४२४०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welders | 8 | 0 | 1500 | ६२,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Rigger | 2 | 0 | 1500 | ६२,०९३ | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1500 | ६२,०९३ | | | | | | | |
| 4 | Building Labour | 2 | 0 | 1000 | ४१,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक २० गते (6th Nov . 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले गर्ने | दिने | राजगारदाताले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले | नि:शुल्क | राजगारदाताले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542,SHIVA SUBEDI-+977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## मलेसियामा रोजगार

कम्पनी : SECURIGOLD SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पूर्व स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 332771 | चलानी नं. ६०२४६४३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 0 | 1700 | ६३,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक २० गते (6th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**ABC PLACEMENTS PVT. LTD**
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

## ओमनमा रोजगार

कम्पनी : MASOUD AL-HAMDANI PROJECTS - RECOMMENDATION

शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 345322 | चलानी नं. ६०२५८५६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANUAL KNITTING WORKER | 2 | 0 | 120 | ४७,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक २० गते (6th Nov . 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इं.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 337152 | चलानी नं. ६०२५०७१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 1000 | ४१,३९५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक २० गते (6th Nov . 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**DECENT EMPLOYMENT PVT. LTD.**
LIC. 904/067/068
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

## जापानमा रोजगार

कम्पनी : ASCEND COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 342769 | चलानी नं. ६०२५९०६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 10 | 5 | 181000 | १,७४,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक २० गते (6th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम इजाजत नं. १२६४/०७४/०७५
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal, Tel : 01 4544419, 01 4544429, Mob : 9803922236
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com.np



## Jayaprithvi Municipality
### Office of The Municipal Executive
Chainpur, Bajhang

**Re-Invitation for Sealed Quotation (Hardcopy)**

**Method of Procurement: Sealed Quotation**
**2nd Date of publication: 2083/07/13**

1. Jayaprithvi Municipality, Bajhang invites sealed quotations from registered suppliers for Supply and Delivery of goods from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The Summary of Contract is given below.

| SN | Contract Identification No: | Description of Work | Bid Security amount (Nrs) | (Bid/Bid Security) Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | JPM-SQ-Goods-03-2083/084 | Supply and Delivery of Medicine and Medicine Related items for Jayaprithvi Municipality. | 40,500 | 45/75 days | 1000/- |
| 2 | JPM-SQ-Goods-04-2083/084 | Supply and Delivery of Veterinary Related Medicine for Jayaprithvi Municipality | 12,700 | 45/75 days | 1000/- |
| 3 | JPM-SQ-Goods-05-2083/084 | Supply and Delivery of Sanitary pad for Jayaprithvi Municipality | 34,600 | 45/75 days | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Contact No: 092421064, 9868861828, 9858484285.

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank: Rastriya Banijya Bank,Bajhang Branch | | | |
| Account Name | Jayaprithivi Na.Pa.(Ga-1-1)-Aantari | Account Name | JayaprithiviNa.Pa.(GA-3)-Dharauti |
| Account Number | 4110100301010004 | Account Number | 4110100303000004 |

3. Purchase, Submission and Opening of sealed quotation:

| Last Date of Bid Purchase | | Last date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2083/07/19 | 17:00 | 2083/07/20 | 12:00 Noon | 2083/07/20 | 13:00 |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २,८३,५०० | प्रति तोला – ० | प्रति तोला – ३,९३० |

**फुलको सजावट** | फ्लोरिकल्चर एसोसिएसन नेपालले कात्तिक १२ गतेदेखि १६ गतेसम्म ललितपुरको जावलाखेल खेलमैदान आयोजना गरेको १९औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको स्टलमा सजाइएको फूल । *तस्बिर : हरिराम भेटुवाल/ रासस*

## ‘पुनर्निर्माणमा अनुदान र सहुलियत ऋण परिचालन गर्छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्यायले भोटेकोशी तथा कालीगण्डकी करिडोर क्षेत्रमा बाढीपहिरोले पुऱ्याएको क्षतिको पुनर्निर्माण कार्य छिट्टै अघि बढाइने बताएका छन् । पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउन सरकारले अनुदान र सहुलियतपूर्ण ऋण परिचालन गर्ने नीति लिएको उनले जानकारी दिए ।

भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन गर्न गठित संसदीय विशेष समितिमा भएको छलफलमा बोल्दै अर्थसचिव डा. उपाध्यायले यस्तो बताएका हुन् । उनका अनुसार बाढीपहिरोका कारण कुल चार खर्ब आठ अर्ब २९ करोड रूपैयाँ बराबरको क्षति भएको छ भने पुनर्निर्माणका लागि करिब सात खर्ब २३ अर्ब ३१ करोड रूपैयाँ लाग्ने प्रारम्भिक आकलन गरिएको छ ।

बाढीबाट दुई खर्ब ७४ अर्ब ४८ करोड रूपैयाँ बराबरको भौतिक संरचना र एक खर्ब ३३ अर्ब ८१ करोड रूपैयाँ बराबरको आर्थिक नोक्सानी भएको तथ्यांक छ । क्षतिको विस्तृत विवरण तयार गर्न राष्ट्रिय योजना आयोगले विपद्पछिको विस्तृत आवश्यकता आकलन (पीडीएनए) को काम अन्तिम चरणमा पुऱ्याएको जानकारी उनले दिए ।

पुनर्निर्माणका लागि विभिन्न मन्त्रालयबाट प्रस्तावित दुई खर्ब २५ अर्ब ७७ करोड आठ लाख रूपैयाँ बराबरका आयोजना विपद् परिषद्बाट अनुमोदन भइसकेका छन् । ती आयोजनाहरूको प्राथमिकता निर्धारण गरी खरिद प्रक्रिया तथा ठेक्का आह्वानका लागि सहमति लिन मन्त्रालयहरूले अर्थ मन्त्रालयमा प्रस्ताव पेश गर्ने क्रममा रहेको डा. उपाध्यायले उल्लेख गरे । भौतिक पूर्वाधार, ऊर्जा र सिँचाइ क्षेत्रका आयोजनाहरूको प्रक्रिया पूरा हुनासाथ अर्थ मन्त्रालयले सहमति दिने उनको भनाइ छ ।

पुनर्निर्माणमा ठूलो स्रोत आवश्यक पर्ने भएकाले विश्व बैंक, एसियाली विकास बैंक (एडीबी) तथा छिमेकी मुलुकहरू भारत र चीनसँग विभिन्न तहमा छलफल भइरहेको डा. उपाध्यायले बताए । बाह्य स्रोतबाट सकेसम्म बढी अनुदान र सहुलियतपूर्ण ऋण जुटाउने र बाँकी स्रोत नेपाल सरकारको नियमित बजेटमार्फत व्यवस्थापन गर्ने सरकारी योजना छ । यस्तै, तत्कालीन राहत तथा उद्धारका लागि भने प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको रकम परिचालन गरिने उनले स्पष्ट पारे ।

विपद् व्यवस्थापन तथा उद्धारका लागि मन्त्रालयले सुरक्षा निकायहरूलाई दुई अर्ब ५४ करोड रूपैयाँको स्रोत सहमति प्रदान गरिसकेको डा. उपाध्यायले जानकारी दिए । जसअन्तर्गत नेपाल प्रहरीलाई ९७ करोड, नेपाली सेनालाई ९१ करोड र सशस्त्र प्रहरी बललाई ६६ करोड रूपैयाँ उपलब्ध गराइएको छ ।

त्यसैगरी, बाढीबाट विस्थापित भएका परिवारलाई अस्थायी आवासका लागि ६ महिनासम्म मासिक राहत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । पाँच जनासम्म सदस्य रहेको परिवारलाई मासिक १५ हजार रूपैयाँ र त्योभन्दा बढी सदस्य भएमा प्रतिसदस्य थप दुई हजार रूपैयाँका दरले राहत दिइनेछ । प्रभावित क्षेत्रका उद्योग, व्यवसाय तथा करदातालाई राहत दिन सरकारले विभिन्न कर छुट र सहुलियतको समेत व्यवस्था गरेको उनले समितिलाई जानकारी दिए ।

## नेप्सेमा उछाल, साढे आठ अर्बको कारोबार

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३१ दशमलव ५४ अंकले बढेर दुई हजार ६९५ दशमलव ६० मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ४१ अंकले बढेर ४८८ दशमलव २१ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक दुई दशमलव २७ अंकले बढेर १८७ दशमलव ०१ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव २५ अंकले बढेर १६५ दशमलव ३४ मा पुगेको छ ।

विभिन्न कम्पनीका दुई करोड ३२ लाख ५८ हजार नौ कित्ता शेयर रु आठ अर्ब ५७ करोड ९८ हजार ८२३ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्रवटै उपसमूह बढेका छन् । १८१ कम्पनीको शेयर बढ्यो भने ९१ कम्पनीको शेयर घट्यो । त्यसैगरी छ कम्पनीको शेयर स्थिर रह्यो ।

## मुस्ताङमा एक अर्ब १४ करोड बढीको स्याउ उत्पादन

■ प्रभाव संवाददाता

**मुस्ताङ–** हिमाली जिल्ला मुस्ताङमा यस वर्ष रु. एक अर्ब १४ करोड ९६ लाख बराबरको स्याउ उत्पादन भएको प्रारम्भिक अनुमान गरिएको छ । कृषि तथा पशु विकास कार्यालयका अनुसार जिल्लाको पाँच स्थानीय तहको कुल ६६२ हेक्टर क्षेत्रफलमा उक्त मूल्य बराबरको स्याउ उत्पादन भएको प्रारम्भिक विवरण संकलन गरिएको छ ।

कृषि तथा पशु विकास प्रमुख डा. लालमणि अर्यालका अनुसार यस वर्ष उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउ रु २३ करोड छ लाख र परम्परागत स्थानीय स्याउ रु ९१ करोड ९० लाख ९१ हजार बराबरको उत्पादन भएको छ । यस वर्ष मुस्ताङमा हाइब्रिड र स्थानीय जातका स्याउ गरी सात हजार ३८ दशमलव ५४ मेट्रिक टन स्याउ उत्पादन भएको छ ।

प्रमुख डा. अर्यालका अनुसार हाइब्रिड स्याउ ९५९ दशमलव ६२ मेट्रिक टन र स्थानीय परम्परागत स्याउ छ हजार ७८ दशमलव ९२ मेट्रिक टन स्याउ उत्पादन भएको छ । स्याउ बगैँचामा पुगेर कृषि प्राविधिकहरूले क्रप कटिङ विधि अनुसार स्याउको औसत उत्पादन मापन गरिएको कार्यालय प्रमुख डा. अर्यालको भनाइ छ । यसका अलावा स्याउको उत्पादन परिमाण अनुमान गर्न सम्बन्धित स्थानीय तहका कृषि प्राविधिक तथा स्याउ किसानसँग समन्वय गरिएको उनले जानकारी दिए ।

रु ९४ करोड ८० लाख ९२ हजार बराबरको स्याउ जिल्लाबाहिर निकासी हुने जनाइएको छ । यस्तै, रु १७ करोड ५६ लाख बढीको स्याउ जिल्ला भित्रै खपत भएको छ । जिल्लामा हाइब्रिड स्याउ प्रतिकेजी रु २४० र स्थानीय परम्परागत स्याउ प्रतिकेजी रु १५१ बराबर मूल्य निर्धारण गरिएको छ ।

मुस्ताङमा गत वर्ष छ हजार ६८४ दशमलव ३० मेट्रिक टन स्याउ उत्पादन भएको थियो । प्रमुख अर्यालका अनुसार गत वर्षको तुलनामा यस वर्ष ३५४ दशमलव २४ मेट्रिक टन अर्थात् (पाँच दशमलव २९) प्रतिशत बढी स्याउ फलेको हो । जिल्लामा ९१७ हेक्टर क्षेत्रफलमा स्याउ बगैँचा विस्तार भएको छ । जसमध्ये हाइब्रिड स्याउको क्षेत्र ७६ हेक्टर र स्थानीय परम्परागत स्याउको क्षेत्र ८४१ हेक्टर रहेको छ ।

### मनास्लुको स्याउ गोदाममै

**गोरखा–** बूढीगण्डकी बाढीले पुल र बाटो बगाएपछि उत्तरी गोरखाको मनास्लु क्षेत्रमा उत्पादन भएका स्याउ गोदाममै थन्किएका छन् । ढुवानीको विकल्प नभएपछि गोदाममै स्याउ थन्क्याउनुपर्ने बाध्यता रहेको व्यवसायी लाक्पा डुन्डुप लामाले गुनासो गरे ।

गत असोस २५ गते चुमनुब्री गाउँपालिका-६ मा हिमपहिरोले उडिलुङ खोला थुनिएपछि आएको बाढीले बूढीगण्डकी नदी किनारमा अवस्थित तल्लो तटीय क्षेत्रका दर्जनौं पुल तथा सडक बाटो बगाएको छ । जसका कारण आवतजावतमा समस्या भएको हो । बाढीले उत्तरी गोरखाको लाइफलाइनका रूपमा लिइएको बेनिघाट आरुघाट लार्के सडक पनि अवरुद्ध बनेको छ । चुमनुब्री गाउँपालिकाको सिर्दिबासदेखि आरुघाटको आर्खेतसम्म सडक अवरुद्ध बनेको थियो ।

गाउँपालिका र गोरखा सडक आयोजनाको पहलमा अस्थायी रूपमा सडक खुलाउने काम भइरहेको भए पनि स्याउ ढुवानी गर्नसक्ने अवस्था भने नरहेको व्यवसायी लाक्पा डुन्डुप बताउँछन् । उनी भन्छन्, ‘गाउँपालिकाले जसोतसो मान्छे हिँड्ने बाटो त बनाएका छन्, तर खच्चड हिँडाउन सकिँदैन । झनै खच्चडमा स्याउ ढुवानी गर्ने त सम्भावना नै छैन ।’

लामाले चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित दुई हजार ६५० मिटर उचाइमा अवस्थित बगैँचामा विभिन्न प्रजातिका स्याउखेती गरेका छन् । इन गोरखा प्रोडक्ट प्रालि नामक उनको स्याउ फर्ममा यस वर्ष एकलाख केजी स्याउ उत्पादन भएको उनी बताउँछन् ।

गाला, गोल्डेन, रेड डिलिसियस, किङ डेलिसियस र फुजी जातका १२ हजार ५०० बोटमा यसवर्ष एकलाख केजी स्याउ उत्पादन भएको लामाको भनाइ छ ।

‘फुजी थेरै टिप्न बाँकी छ, त्यो बाहेक सबै स्याउ टिपिसक्यौँ । गाला र गोल्डेन डिलिसियस टिपेको एकमहिना भयो । अहिले बिग्रन थालिसके’, उनले भने, ‘भदौ २१ गते गएको थेराङ खोलाको बाढीले लघु जलविद्युत् आयोजना बगाएर विद्युत् नहुँदा ड्रायर पनि चलेको छैन । त्यसैले स्याउको सुकुटी पनि बनाउन पाइएन ।’ यस वर्ष स्याउको उत्पादन राम्रो भए तापनि ढुवानीको समस्याका कारण लाखौँ किलो स्याउ खेरजाने अवस्था रहेको उनले गुनासो गरे । *रासस*

## ‘औद्योगिक प्रदूषण कम गर्दै स्वच्छ ऊर्जा प्रयोग’

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व बैंक समूहअन्तर्गतको इन्टरनेशनल डेभलपमेन्ट एसोसिएसनले नेपाल सरकारलाई औद्योगिक प्रदूषण कम गर्न स्वच्छ ऊर्जा प्रयोगका लागि उद्योगहरूलाई प्रोत्साहन गर्न नेपाल स्वच्छ वायु तथा समृद्धि परियोजना अघि बढाइएको छ ।

एसोसिएसनले सो परियोजनाका लागि तीन करोड अमेरिकी डलर सहुलियत ऋण र ४० लाख अमेरिकी डलर अनुदान दिने सम्झौता भइसकेको छ । सो परियोजना कार्यान्वयन गर्न वित्तीय मध्यस्थकर्ता बैंकको रूपमा राष्ट्रिय वाणिज्य बैंकले कर्जा प्रदान गर्न नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र बैंकबीच सम्झौता भएको राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिए ।

उद्योगहरूलाई अनुदान उपलब्ध गराउन नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग विभाग र बैंकबीच सम्झौता सम्पन्न भएको सूचना अधिकारी घिमिरेले बताए । यो परियोजनाबाट करिब ४०० उद्योग लाभान्वित हुने बताइएको छ । परियोजनामार्फत औद्योगिक प्रदूषणको कारण खस्किएको वायुको गुणस्तरमा उल्लेख्य सुधार आउने दाबी गरिएको छ । राष्ट्रिय वाणिज्य बैंकले हरित वित्त प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको जनाएको छ ।

## हुलाकी सडकको विस्तारले उद्योगमा लगानी बढ्दै

**बाँके–** हुलाकी सडकको विस्तारसँगै बाँके र बर्दियामा उद्योग क्षेत्रमा लगानी बढ्न थालेको छ । बाँकेको खजुरामा निर्माणाधीन अन्ट्राटिक बिस्कुट प्रालि (पार्ले-जी)उद्योगको पूर्वाधार निर्माणको काम भइरहेको छ । उद्योग सञ्चालनमा आएपछि पश्चिम क्षेत्रमै बिस्कुट उत्पादन र बजार विस्तारको नयाँ सम्भावना खुल्ने अपेक्षा गरिएको छ ।

छिमेकी बर्दियाको गुलरिया नगरपालिका-८ मा रु चार अर्ब लगानीमा लमिनार भिट्रीफिड टायल उद्योग सञ्चालनमा आएको छ । सुवरत धिताल, अभिनव चुरिवाल र श्याम खेतानको लगानीमा स्थापना भएको उद्योगले देशभर आफ्नो उत्पादन पुऱ्याउने लक्ष्य राखेको छ । ती दुई उद्योगले पश्चिम नेपालमा औद्योगिक लगानी विस्तार हुँदै गएको चित्रण गरेको छ ।

बाँकेमा ठूला उद्योग स्थापना हुनेक्रम बढेसँगै त्यसको प्रभाव छिमेकी बर्दियामा पनि देखिन थालेको छ । बर्दियामा ठूलो लगानीका दुई चिनी उद्योग सञ्चालन हुनेछन् । तीमध्ये एउटा राजापुर सुगर मिल सञ्चालनमा आइसकेको छ भने अर्को सञ्चालनको तयारीमा रहेको छ ।

बाँकेमा जय अम्बे स्टिल, सगरमाथा स्टिल इन्डस्ट्रिज, नेपाल बेलहोप एग्रीटेक, वर्षा रिसाइक्लिङ इन्डस्ट्रिज र विकास फ्लोर मिललगायतका उद्योग सञ्चालनमा छन् । यसबाहेक विभिन्न उद्योगले अनुमति प्राप्त गरी पूर्वाधार निर्माण अघि बढाएका जनाएका छन् ।

नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी ओलीले बाँकेमा ठूला उद्योग स्थापना हुन थालेपछि यसक्षेत्र लगानी बढ्दै गएको बताए । द्वन्द्वकालमा प्रभावित भएका पुराना उद्योग पुनः सञ्चालनमा आउनु र नयाँ उद्योग स्थापना हुनेक्रम बढ्नु सकारात्मक भएको उनको भनाइ छ । ‘राजनीतिक स्थिरता र ऊर्जालगायत समस्या समाधान भएपछि लगानीको उत्साह थपिएको छ र बाँके औद्योगिक केन्द्रका रूपमा विकास भइरहेको छ’, अध्यक्ष ओलीले भने ।

शिखर प्लाइउड प्रालिका सञ्चालक चम्पालाल बोथराले पश्चिम नेपालमा ठूलो बजार सम्भावना देखिएकाले उद्योगी बाँकेमा लगानी गर्न आकर्षित भएको बताए । ‘ठूलो परिमाणमा उत्पादन बिक्री गर्न सकिने र पश्चिममा बजारको राम्रो सम्भावना देखिएकाले उद्योगीले बाँकेलाई रोजेका छन्’, उनले भने । बोथराका अनुसार अन्य कतिपय स्थानको तुलनामा उद्योग सञ्चालनका लागि जग्गा प्राप्त गर्न सहज हुनु पनि बाँकेमा उद्योगप्रतिको आकर्षणको अर्को कारण हो ।

अम्बे स्टिलका सुरेश पण्डितले विद्युत् अनियमितताका कारण चाहे जति उत्पादन गर्न नसकिएको उल्लेख गर्दै करिब छ वर्षदेखि उत्पादन भइरहेको बताए ।

बाँकेको जानकी गाउँपालिका-५ स्थित बेलभारीमा रहेको सो उद्योगले विद्युतीय समस्याका कारण एक सातादेखि नै उत्पादन ठप्प रहेको उनको भनाइ छ । औद्योगिक वातावरण भए त्यसबाट उत्पादन राम्रो गर्न सकिने उनीहरूको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरी बाँके लगानीकर्ताका लागि सम्भावनायुक्त क्षेत्र भएको विश्वास व्यक्त गर्छन् । राजनीतिक अस्थिरता र ऊर्जा समस्याका कारण विगतमा लगानीकर्ता हिचकिचाउने गरेको भए पनि पछिल्लो समय ठूला उद्योग स्थापना हुनेक्रम बढेकामा खुसी व्यक्त गरे ।

जिल्लामा औद्योगिक लगानी बढ्दै जाँदा यसको प्रभाव बर्दियामा देखिन थालेको छ । गुलरियामा रु चार अर्बको लगानीमा सो टायल उद्योग सञ्चालनमा आएको छ ।

चिनी उद्योग विस्तारले उखुखेती, किसानको बजार पहुँच, स्थानीय रोजगारी र कृषि आधारित उद्योगको विकासमा योगदान दिनसक्ने अपेक्षा गरिएको छ ।

बाँके र बर्दियामा उद्योग विस्तार हुँदै जाँदा पश्चिम नेपालमा उत्पादनमूलक अर्थतन्त्रको आधार फराकिलो बनाउने सम्भावना देखिएको छ । भारतसँग सीमा जोडिएको बाँकेमा औद्योगिक लगानीको सम्भावना वृद्धि हुनुमा नेपालगन्ज-रूपैडिहा नाकाबाट हुने आयात-निर्यात, एकीकृत जाँच चौकीको विकास तथा रेलमार्ग विस्तारलाई लिन सकिनेछ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ